## वार्षिकोत्सवका झलकहरू


वार्षिकोत्सवको अवसरमा प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा. लाई स्वागत गर्नुहुँदै गणपति ।


निशान भगवतीको पूजा अर्चना गर्नुहुँदै गणपति ।


बडाखाना कार्यक्रमको एक झलक


तानडोरी प्रतियोगिताको एक झलक

## जनहीतका कार्यहरू



## गणको आन्तरिक स्रोतबाट खरिद सामग्रीहरू




## निरीक्षणका झलकहरू


गणको अपरेशनल कक्षमा सञ्चालित बृफिङ्गमा सहभागी हुँदै रक्षा सचिब तिलकराम शर्मा ।


गण निरीक्षणका क्रममा तत्कालीन उपत्यका पृतनापति उपरथी श्री पूर्णचन्द्र थापा ।

## गणको विविध झलकहरू



## आर्टिलरीमा हाल प्रचलनमा रहेका हतियारहरू



# तत्कालीन रक्षा सचिवको भिजिट



तत्कालीन रक्षा सचिव श्री तिलक राम शर्माले मिति २०६९/०५/१८ गते राजदल गणको भिजिट गर्नुभएको थियो । उक्त भिजिटमा सहसचिव देवेन्द्र सिटौला, तत्कालिन आर्टिलरी निर्देशक ताजमान सिंह बस्न्यात, त्रिभुवन आर्मी क्लबका प्र.से. प्रकाशजंग कार्की, जंगी अड्डाका प्रतिनिधि तथा अन्यअधिकृतहरुको उपस्थित रहेको थियो ।

## श्री राजदल गणका हालसम्मका गणपतिहरू

| सि.नं. | दर्जा | नामथर | आगमन मिति | प्रस्थान मिति |
|---|---|---|---|---|
| १ | प्र.से. | श्री पशुपति शम्सेर ज.ब.रा. | २०१७।०३।१५ गते | २०२०।०५।०९ गते |
| २ | ,, | श्री कुबेर शम्सेर ज.ब.रा. | २०२०।०४।२७ गते | २०२१।०९।२२ गते |
| ३ | ,, | श्री जुठे गुरुङ्ग | २०२१।०९।२२ गते | २०२३।०१।२३ गते |
| ४ | ,, | श्री अर्जुन नरसिंह राणा | २०२३।०२।०९ गते | २०२४।०३।१९ गते |
| ५ | ,, | श्री तप्त बहादुर मल्ल | २०२४।०३।१९ गते | २०२६।०३।१८ गते |
| ६ | ,, | श्री अर्जुन नरसिंह राणा | २०२६।०४।१० गते | २०२७।०२।१५ गते |
| ७ | ,, | श्री हेम बहादुर सिंह | २०२७।०८।१२ गते | २०३२।०८।२७ गते |
| ८ | ,, | श्री रघुचन्द्र बहादुर सिंह | २०३२।१२।११ गते | २०३५।१०।१९ गते |
| ९ | ,, | श्री सरोजराज शर्मा | २०३५।१०।१९ गते | २०३७।११।०६ गते |
| १० | ,, | श्री रघुचन्द्र बहादुर सिंह | २०३७।११।०६ गते | २०३८।०२।०९ गते |
| ११ | ,, | श्री कृष्ण नारायण सिंह थापा | २०३८।०३।३० गते | २०३९।०४।०६ गते |
| १२ | ,, | श्री सरोजराज शर्मा | २०३९।०५।०९ गते | २०४०।१०।०५ गते |
| १३ | ,, | श्री प्रज्वल्ल शम्सेर ज.ब.रा. | २०४०।१०।०५गते | २०४२।१२।२० गते |
| १४ | ,, | श्री गोबिन्द बहादुर गुरुङ्ग | २०४२।१२।२० गते | २०४५।०५।०१ गते |
| १५ | ,, | श्री दुर्गामान महर्जन | २०४५।०५।०१ गते | २०४६।०९।१४ गते |
| १६ | ,, | श्री बिजय चन्द्र राई | २०४६।०९।१४ गते | २०४८।०४।०७ गते |
| १७ | ,, | श्री यम बहादुर थापा | २०४८।०४।०७गते | २०४९।०९।१३ गते |
| १८ | ,, | श्री दिलिप कार्की | २०४९।०९।१३ गते | २०५०।१२।०१ गते |
| १९ | ,, | श्री नरेन्द्र बहादुर रावल | २०५०।१२।०१ गते | २०५३।०८।०९ गते |
| २० | ,, | श्री शिव कुमार पौडेल | २०५३।०८।०९ गते | २०५५।०६।२१ गते |
| २१ | ,, | श्री ताजमान सिंह बस्न्यात | २०५५।०६।२१ गते | २०५७।१२।२१ गते |
| २२ | ,, | श्री शरद गिरी | २०५७।१२।२१ गते | २०५९।१०।२० गते |
| २३ | ,, | श्री खड्ग बहादुर मल्ल | २०५९।१०।२० गते | २०६०।११।२८ गते |
| २४ | ,, | श्री शैलेन्द्र शम्सेर थापा | २०६०।११।२८ गते | २०६३।०७।२४ गते |
| २५ | ,, | श्री खड्ग बहादुर मल्ल | २०६३।०७।२४ गते | २०६५।०३।१७ गते |
| २६ | ,, | श्री सरोज प्रताप राणा | २०६५।०३।१७ गते | २०६६।०१।१७ गते |
| २७ | ,, | श्री कृष्ण बहादुर बडवाल | २०६६।०१।१७ गते | २०६९।०३।२१ गते |
| २८ | ,, | श्री पुरुषोत्तम खड्का | २०६९।०३।२१ गते | हालसम्म |

## राजदल गणका गणपतिहरू






















## आन्तरिक दुन्द्वमा राजदल गणले पैदल फौजलाई आवश्यकता अनुसार फायर सपोर्ट दिएको स्थान

| सि.न. | गन | मिति | फायरिङ्ग गरेको स्थान | HE राउण्ड | SMK राउण्ड |
|---|---|---|---|---|---|
| १. | १२० मी.मी. | २०५८।०८।१५ | दाङ्गको होलेरी | २६ | |
| २. | ,, | | दाङ्गको हेलिप्याडबाट वरिपरीको जंगलमा | ८ | |
| ३. | ,, | २०५८।०८।१५ | रोल्पाको रातमाटे टावर इलाका | २३ | |
| ४. | १०५मी.मी. | २०५९।०३।२१ | प्युठानको दिवाङ्गबाट | २० | |

## श्री राजदल गणमा कार्यरत अधिकृतहरू

| सि.नं. | दर्जा | नाम,थर |
|---|---|---|
| १ | प्र.से. | श्री पुरुषोत्तम खड्का |
| २ | सेनानी | श्री ईन्द्र बहादुर कार्की |
| ३ | सेनानी | सुमित विक्रम राणा |
| ४ | सेनानी | श्री लक्ष्मण खड्का |
| ५ | सेनानी | श्री अनिल खाती |
| ६ | सेनानी | श्री रमेश कार्की |
| ७ | सह.से. | श्री प्रविन थापा |
| ८ | सह.से. | श्री प्रतिक सिंह कार्की |
| ९ | सह.से. | श्री प्रद्युन्न प्रसाद गौतम |
| १० | सह.से. | श्री अशोक अधिकारी |
| ११ | सह.से. | श्री मनिराज घिमिरे |
| १२ | सह.से. | श्री भद्र सिंह ठकुरी |
| १३ | सह.से. | श्री अनिल भण्डारी |
| १४ | सह.से. | श्री प्रदिप चन्द्र बर्तौला |
| १५ | सह.से. | श्री प्रशन्न राणा |
| १६ | सह.से. | श्री मनोज सुबेदी |
| १७ | सह.से. | श्री सुदर्शन खत्री |
| १८ | सह.से. | श्री बालाराज कार्की |
| १९ | उ.से. | श्री ईन्द्र बहादुर थापा |
| २० | उ.से. | सुश्री रीता थापा |
| २१ | उ.से. | सुश्री प्रविना थापा |
| २२ | स.से. | श्री उद्धिप सिंह गुरुङ्ग |

## राजदल गणका प्रमुख सुवेदार



सगरमाथा अञ्चल, ओखलढुङ्गा जिल्ला, नारायण स्थान गा.वि.स., वडा नं.३ असिनेमा मिति २०२३/०१/०६ गतेजन्मनु भई मिति २०४१/०१/०६ गते नेपाली सेनाको सैन्य दर्जामा भर्ना हुनु भएका ब्य.नं. १०४००१ प्र.सु.पदम बहादुर खत्री मिति २०६७।०५।३० देखि यस गणको प्रमुख सुबेदार हुनुहुन्छ ।

## विदेशी भूमिमा राजदल गण

सन् १८५७ मा भारतको मराठा राज्यको असन्तुष्ट सिपाहीहरुले सुरु गरेको विद्रोहले अंग्रेज सरकारलाई घटेको संकटका बखत विद्रोहलाई भारतीय राज्यका राजाहरु लगायत अनेकौं अंग्रेज विरोधी व्यक्तिहरुको समर्थन प्राप्त थियो। विग्रदै गरेको परिस्थितिले गर्दा अग्रेज सरकारले जंग बहादुर राणाको राखेको अंग्रेजलाई सहयोग गर्ने प्रस्तावलाई स्विकार गरी सैनिक सहायता लिने निर्णय गर्‍यो । उक्त विद्रोहलाई दमन गर्न जाने पल्टनहरु मध्ये श्री राजदल गण पनि एक थियो। उक्त लडाइँमा नेपाली सेनाले आफ्नो वीरता प्रदर्शन गर्दै सफलता हासिल गरेको थियो। ई.सं.१८५५ मार्च ६ का दिन जनरल बम बहादुर राणाको कमाण्डमा विशाल नेपाली फौज केरुङ्ग क्षेत्रमा आक्रमण गर्न काठमाण्डौबाट त्यस स्थानतर्फ प्रस्थान गरेको थियो । उक्त फौजमा श्री राजदल गण पनि सम्मिलित थियो। राजदल गणको आर्टिलरी फायरले उक्त लडाइँमा निर्णायक भूमिका निर्वाह गरेको थियो।

## आन्तरिक द्धन्द्धमा राजद्धल गण

चिनियाँ सरकार विरुद्ध नेपाली भूमि प्रयोग गरी खम्पाहरुले चलाएको सशस्त्र अभियानमा चिनियाँ सरकारलाई सहयोग गर्ने हेतुले वि.सं. २०३१ सालको अपरेशनमा यस गणले पनि भाग लिएको थियो ।

उक्त अपरेशनमा अ.प्रा.महारथी श्री संचित शम्शेर ज.ब.रा.अपरेशन कमाण्डर र राजदल गणका अ.प्रा.स.र.श्री केदार बहादुर सिंह सहायक अपरेशन कमाण्डरमा नियुक्त भएका थिए। यस लडाइँमा १२० मी.मी. ब्राण्ड मोर्टार लगिएको थियो । अपरेशन कमाण्डरको आदेशमा व्याट्रीमा भएका ४ वटा मोर्टारबाट त्यस वखत फायर गरियो । मोर्टार फायरको प्रभावकारीताको कारणले गर्दा नै खम्पाहरुले आत्मसमर्पण गरे ।

## हालसम्मका गणका प्रमुख सुवेदारहरू

| सि.न | दर्जा | नाम थर | कमाण्ड अवधि | वतन |
|---|---|---|---|---|
| १ | प्र.सु | हिरण्य बहादुर कार्की | २०२५।०६।१२ देखि २०२८।०५।१४ सम्म | थसिखेल ललितपुर |
| २ | ,, | निल बहादुर खत्री | २०२८।०७।०२ देखि २०३३।०२।०१ सम्म | त्रिशुली नुवाकोट |
| ३ | ,, | दल बहादुर भुजेल | २०३३।०३।०३ देखि २०३९।०९।२१ सम्म | डिल्ली बजार काठमाण्डौ |
| ४ | ,, | ओतमान सिंह थापा | २०३९।१०।०६ देखि २०४०।०६।१० सम्म | पनौती काभ्रे |
| ५ | ,, | शिव बहादर कार्की | २०४०।०६।१९ देखि २०४५।०६।१९ सम्म | हिभैपानी, रामेछाप |
| ६ | ,, | कोमन बहादुर थापा | २०४५।०७।१२ देखि २०४७।०३।१० सम्म | बिशंखु -८, ललितपुर |
| ७ | ,, | गुमान बहादुर थापा | २०४७।०४।१४ देखि २०५२।०४।१४ सम्म | लाकुरे -९, गोरखा |
| ८ | ,, | लेखराज बस्नेत | २०५२।०५।०१ देखि २०५४।०४।१८ सम्म | |
| ९ | ,, | राम बहादुर खत्री | २०५४।०५।०१ देखि २०५८।०२।१२ सम्म | कोटेश्वर काठमाण्डौ |
| १० | ,, | भगवान श्रेष्ठ | २०५८।०३।२६ देखि २०६२।०१।०२ सम्म | ईमाडोल ललितपुर |
| ११ | ,, | भक्त बहादुर खड्का | २०६२।०१।०२ देखि २०६६।१२।१५ सम्म | गेर्खु - ६, नुवाकोट |
| १२ | ,, | पदम बहादुर खत्री | २०६७।०५।३० देखि हालसम्म | नारायणस्थान- ४ ओखलढुङ्गा |

# जनहीत कार्यमा श्री राजदल गण

ललितपुर जिल्लाको लगनखेलमा अवस्थित श्री राजदल गणले आफ्नो जिम्मेवारी क्षेत्रभित्र नागरिक सेना सम्बन्ध सुमधुर कायम गर्दै आइरहेको छ। सोही क्रमलाई निरन्तरता दिँदै ललितपुर जिल्लाको लामाटार गा.वि.स.वडा नं. ३ धाराचौर नजिक रहेको सामुदायिक जंगलमा मिति २०७०/०१/२० गतेको करीब १९.४५ बजेदेखि आगलागि भएको खबर पाए लगतै तुरुन्त गणबाट सह.से.सुरेन्द्र श्रेष्ठको कमाण्डमा गएको १/२९ नफ्रिको फौज घटनास्थलमा पुगी अथक प्रयास र अदम्य शाहस प्रस्तुत गरी आगलागी यियन्त्रणमा लिएको थियो। संबिधान सभा निर्वाचनको सुरक्षार्थ



लुभुमा स्थापना गरिएको FOB बाट मिति २०७०/०८/११ गते लुभु गा.वि.स. वडा नं.- ५, स्थित देविस्थानमा यस गणद्वारा नि:शुल्क स्वास्थ्य शिविर तथा औषधी वितरण कार्यक्रम आयोजना गरिएको थियो। सो क्रममा २३१ जना सर्वसाधारण जनताहरुले स्वास्थ्य परीक्षण गरी लाभान्वित भएका थिए। नागरिक सेना सम्बन्धलाई प्रगाढ गर्दै लैजाने क्रममा मिति २०७०/०९/१८ गते गणका सह-सेनानी अनिल भण्डारीको कमाण्डमा गएको १/८० को नफ्रिले ललितपुर जिल्लाको पाटन बंगलामुखी मन्दिरको सरसफाइ गरेको थियो।



# राहत कार्यमा राजदल गण

यस गणले आफ्नो जिम्मेवारी क्षेत्रभित्र नागरिक सेना सम्बन्ध सुमधुर कायम गर्दै आईरहेको छ। सोही योजना अनुरु ग गतवर्ष यस गणको १६९ औं वार्षिकोत्सवको उपलक्ष्यमा मिति २०६९।०८।१० गते ललितपुरको ढोलाहिटीस्थित मञ्जुश्री वृद्धाश्रममा वृद्धाहरुलाई गण परिवारकोतर्फबाट दोसल्ला, खाद्यन्न तथा विभिन्न राहत सामग्रीहरु वितरण गरिएको थियो। साथै सो ही दिन ललितपुरको बुंगमतीस्थित आर्दश सौल युवक उच्च मा.वि.को अपाङ्ग सेवा संघमा अध्ययनरत करिव घद्ध जना अपाङ्ग विद्यार्थीहरुलाई विविध स्टेशनरी तथा विविध खाद्य सामग्रीहरु वितरण गरिएको थियो। नागरिक सेना सम्बन्धमा सुमधुर तथा प्रगाढ बनाउँदै लैजाने क्रममा यस गणको १७० औं वार्षिकोत्सवको उपलक्ष्यमा मिति २०७०।०९।१९ गते ल.पु.उ.म.न.पा. वडा नं.-१३ स्थित पञ्चेश्वर मन्दिर नजिक रहेको सावित्री सोसियल सर्भिस अनाथालयमा रहेका कक्षा ५ देखि कक्षा १२ सम्म अध्ययनरत १८ जना अनाथ बालबालिकाहरुलाई राहतस्वरुप खाद्य तथा स्टेशनरीका सामग्रीहरु वितरण गरिएको थियो। सो कार्यलाई निरन्तरता दिने क्रममा मिति २०७०।१०।०५ गते का.म.न.पा.वडा नं.-१८ स्थित स्वयम्भू नजिक रहेको पुनर्बल शिक्षा सदनमा रहेका अनाथ तथा HIV संक्रमित बालबालिकाहरुलाई यस





## फोन नगर न मैँया अहिले म छु वि.जी.



हुक्षा अर्जुन परियार
श्री राजदल गण

झिसमिसे मै सिठ्ठी बज्यो, स्लिपिङ्ग ब्याग मैले फालें
ओस्ताजले बाहिर निस्की जवान गन्न थालें।
फिटिङ्ग फाटिङ्ग, सरसफाइ लाईन ड्रेस ए वान
जवान लाईनमा बस्ने जति बन्नै पर्ने जवान।
बिहानैदेखि हर्कत सुरु, सोचे जस्तै छैन ईजी
फोन नगर न मैँया अहिले म छु विजी।

बटालियनमा सिठ्ठी बज्यो, बिहानीको परेड भयो सुरु
वार्षिकोत्सव आउदै छ रे, कम्पनीको कम्पिटिशन,
त्यसैले दौडिराछु खुरुखुरु।
जति पेल्यो सिनियर हल्लावले फौजको स्टामिना बढ्छ भन्छन्
वेण्ड पोजिशनमा राख्यो भने, मंकी क्रल चढ्छ भन्छन्।
डबल खाल्डो नाघ्न पनि छैन त्यस्तो ईजी
फोन नगर न मैँया अहिले म छु विजी।

दोस्रो परेड सुरु भयो, हाउजरमा गन ड्रिल क्लिएर
जी.पी.ओ.को आदेश आउछ, एक्सन, फन्ट या रियर।
गोडा पनि दुखिसक्यो फल आउटमा जाँदा
एङ्गल लाउदा बिग्रिएछ तर्सन्छु म फन्ट्रोल खाँदा।
गनर भई आर्टिलरीमा छैन है ईजी
फोन नगर न मैँया अहिले म छु विजी।

दश दुईको ड्युटी छ ग्यापमा सामेल भा छ
घरीघरी टोलाईराछु तिम्रै याद आ छ।
झोला पाँच, चौध आईटम टुम्लेट भरी पानी।
आँखामा नै आईरा छ मेरी प्यारी नानी।
हतियारलाई एलर्टमा नै आँखा बाहिर गेटमा
कुरी राख न है सानु गफ गरौंला भेटमा।
चार घण्टाको ड्युटी पनि छैन है ईजी
फोन नगर न मैँया अहिले म छु विजी।

चिया बिस्कुट खाई खेल परेडमा सामेल भाछु अहिले
टाक्क टुक्क फुटबल हान्छु, जगेडामा पर्छु जहिले।
रोलकलमा ओस्ताजदेखि हल्मेसावले समस्या के छ
भनी सोध्छन्
लुकी लुकी तिमीलाई फोन गरौ भन्या रोलकल
हाजिर खोज्छन्।
पट्यार लाग्दो रोलकल पनि छैन है ईजी
फोन नगर न मैँया अहिले म छु विजी।

आँखा मिच्दै नाईट डियुटी दश दुई बस्या छु
कम्मरमा उही झोला पाँच वेल्ट कस्या छु।
तालिम प्राप्त गनर हो जाडो मलाई भा छैन
ड्युटीमा छु अहिले मोबाईल बोक्न पा छैन।
दुई बजेको डिउटी सकी सुत्न हतार भा छ
फोन नगर न मैँया अहिले म छु विजी।

## म गनर हुँ



गनर प्रेम ब. मोक्तान
श्री राजदल गण

मरुभूमिको बर्वराउने तातो गर्मी
हिमशिखरको कटकटाउने चिसो
उकालो र ओरालो हिँडेको छु
फड्के र झोलुङ्गे तरेको छु।
किनकि म गनर हुँ।

औसी र पूर्णिमाको रात
उज्यालोको सहारा बिना
सुनसानमा हिँडेको छु
बाघको चालमा कठोर बन घुम्ने
अनुभव गरेको छु
किनकि म गनर हुँ।

सौखको आवश्यकता छैन मलाई
सैनिकको कठोर तालिम पाईसकेको छु
मीठो मसिनो चाहिँदैन मलाई
भोकमा रात कटाई सकेको छु
किनकि म गनर हुँ।

धन्यवादको आवश्यकता छैन मलाई
देशको सिन्दुर लगाईसकेको छु
विश्वास गर या नगर
देशको रक्षक बन्ने अभिभारा बोकी सकेको छु
किनकि म गनर हुँ।

पप संगितको धुन चाहिँदैन मलाई
तोपखानाको गोलाको धुनमा नाचिसकेको छु
कालले निमन्त्रणा गर्नु पर्दैन मलाई
लडाईको मैदानबाट फर्कि आएको छु
किनकि म गनर हुँ।

## उत्कृष्ट जवान



नेपाली सेनामा २०६१/०८/२४ गते सैन्य दर्जामा भर्नाभइ गणको रिक्त रहेको सिपाही दर्जामा नियुक्त हुनुभएका गण्डकी अञ्चल, गोरखा जिल्ला, आरु अबाङ ४ स्थायी घर भएका यस गणमा कार्यरत क.नं. २१५५३४ गनर जीत बहादुर बराम विभिन्न विधाहरुमा प्रतिस्पर्धा गरी यस गणको सर्वोत्कृष्ट जवान हुन सफल हुनुभएको छ।

## वर्ष भरिमा सबैभन्दा धेरै फष्ट म्यान बन्न सफल सैनिक



यस गणमा मिति २०६३/०९/०९ गते सैन्य दर्जामा भर्नाभइ यस गणमा रिक्त रहेको सिपाही दर्जामा नियुक्त भएका राप्ती अञ्चल, प्युठान जिल्ला खैरा गा.वि.स.वडा नं. ६ बस्ने यस गणमा कार्यरत क.नं.२४९१४३ गनर श्रीधर के.सी. यस गणको १७० औं वार्षिकोत्सवको अवसरमा वर्षभरिको सबैभन्दा बढी फष्टम्यान हुन सफल भएका छन्।




सिपाही पाक्षिक अतिरिक्ताङ्क

१ बैशाख २०७१

उपत्यका पृतनापति



उपरथी हिमालय थापा

कर्णेल कमाण्डाण्ट



स.र.ताजमान सिंहबरन्यात

# श्री राजदल गणको परिचय

का.मु.आर्टिलरी निर्देशक



म.से.सरोज प्रताप राणा

गणपति



प्र.से.पुरूषोत्तम खड्का

वि.सं.१९०१/०३/१२ मा श्री ५ राजेन्द्र विक्रम शाहको स्वीकृतिबाट मुख्तियार माथवर सिंह थापाले स्थापना गरेको ६ वटा पल्टनमध्ये श्री राजदल गण पनि एक हो । सुरुमा यस पल्टनमा अधिकृत, पदिक, हुद्दा, सिपाही, दानेदार र पिपासहित ४०० जनाको दरवन्दी थियो र पछि समयको मागअनुसार यस पल्टनको नफ्रिमा फेरबदल भएको पाइन्छ । वि.सं.२००९ सालको नेपाली सेनाको पुनःगठनमा यो पल्टनलाई माउण्टेन व्याट्री नामाकरण गरियो र उक्त व्याट्रीको नफ्रि २६१ (२० जना पब्लिक फाल्वर्ससहित) कायम गरियो । तत्कालीन समयमा समारोह तथा उत्सवहरुमा सलामी फायर गर्न र प्रदर्शन फायरको लागि पूरानै मुहर भरुवा तोपहरु चलाउने एक सानो तोप्ची ग्रुप माउण्टेन व्याट्रीकै संगठनभित्र गाभियो र हालसम्म पनि यस गणले उक्त प्रथालाई अवलम्बन गरिरहेको छ । त्यस समयमा उक्त व्याट्रीलाई सेनानी दर्जाले कमाण्ड गर्दथे । सेनानी दर्जा हुँदा यस माउण्टेन व्याट्रीको पहिलो व्याट्री कमाण्डर अ.प्रा.स.र.श्री रवि शम्शेर ज.ब.रा. खड्तिनु भएको थियो । अधिकृतहरुमा सहायक व्याट्रीपति अ.प्रा.स.र. श्री टिका शम्शेर ज.ब.रा.तत्कालीन अधिकृतहरुमा अ.प्रा.प्र.से.श्री हेम बहादुर सिंह, अ.प्रा.म.से. श्री रुक्म बहादुर कार्की र अ.प्रा. महारथी श्री अर्जुन नरसिंह राणा हुनुहुन्थ्यो ।

पहिले देखिनै तोपखाना पल्टन नेपाली सेनाको प्रमुख अङ्ग रहि आएको छ र यस पल्टनमा साधारण इन्फेन्ट्रीको अलावा गनरी सम्बन्धी टेक्निकल ज्ञानको आवश्यकता हुनेहुँदा यस पल्टनमा पेशा सम्बन्धी दक्ष तथा जेहेन्दार अधिकृत र पदिकहरुको सरुवा गरिन्थ्यो । त्यस बाहेक गनलाई एक ठाउँबाट अर्को ठाउँ लैजाँदा अति कठिनाई हुनेहुँदा यस गणमा बलियो र ठूला कदका जवानहरुको सरुवा गरिन्थ्यो । वि.सं. २०१२ सालमा माउण्टेन व्याट्रीलाई राजदल पल्टनकै निशान प्रदान गरियो र पछि प्र.से. दर्जाले कमाण्ड गर्ने गरी व्यवस्था मिलाइएको थियो । नेपाली सेनालाई समयानुकूल विस्तार गर्दै लैजाने क्रममा वि.सं. २०२३/१२/४ मा १२० मी.मी. ब्राण्ड मोर्टर व्याट्री (प्याक) थप गरी पुनः श्री राजदल गण नामाकरण गरियो । त्यसबेला माउण्टेन व्याट्री तोपखाना व्यारेकमा (श्री गणेशदलसँगै) थियोभने मोर्टर व्याट्री लगनखेलको टुँडिखेल (हाल राजदल व्यारेक) मा रहेको थियो । पछि २०२६ सालमा माउण्टेन व्याट्री पनि लगनखेल व्यारेकमा सरी पुरै गण एकै ठाउँमा रह्यो । सोही क्रममा वि.सं. २०३१ सालमा अर्को मोर्टार व्याट्री (टोड) थप भएपश्चात् यसको जम्मा नफ्रि ५६७ कायम हुन पुग्यो । यसरी सेनालाई समयसापेक्ष आधुनिकीकरण गर्दै लैजाने क्रममा वि.सं. २०४१ सालमा १२० मी.मी. मोर्टर(टोड) को साथै बेलायतमा निर्मित १०५ मी.मी.हाउजरको टोड व्याट्री खडा भयो । साथै १०५ मी.मी.एल.एफ.जी. प्याक हाउजर भारतबाट वि.सं. २०६१ सालमा ल्याई रेजिमेण्ट ब्याट्रिको नामाकरण गरी ब्याट्रि खडा गरिएको थियो ।

## श्री राजदल गणको निशान

**"कर्मण्ये वाधिकारस्ते मा फलेषु कदाचन"** अर्थात कर्म गर तर फलको आशा नगर भन्ने आर्दश वाक्य बोकेको श्री राजदल गणमा निशान भगवती अ.नि.र प.नि.को रुपमा २ वटा विराजमान गरियो । यस गणको निशानको अग्र भागमा २ वटा चुच्चो रहेको साथै अ.नि., प.नि. र सहायक गरी २ वटा झण्डाको स्थापना गरिएको छ । यसको शीरको २ चुच्चोले शिव र शक्तिको स्वरुप जनाउँदछ । निशान झण्डामा चक्र, बन्चरो र देवीको पाउ अङ्कित चिन्ह रहेको छ । गणेश भगवानको अस्त्रको रुपमा रहेको बन्चरो र देवीको अस्त्रको रुपमा रहेको चक्रले शत्रु संहारार्थ प्रयोग गर्ने शस्त्रकोस्वरुप जाहेर गर्दछ । देवी भगवतीको पाउ सेनामा सबैको आस्थाको केन्द्र रहेकी जगत् जननी माता भगवतीका दुईपाउ अङ्कित चिन्हले निशानमा सदैव देवीको उपस्थिति जाहेरगर्दछ । निलो रङ्गको प्रथम किनारा शान्तिवर्धक मानिएको छ ।




अ.नि

सिम्रिक रङ्ग विजय र सौभाग्यको प्रतिक मानिन्छ । पृष्ठभूमिको कालो रङ्गले कालस्वरुप जनाउँदछ । नेपाली सेनामा निशानलाई शक्ति स्वरुपिणी भगवतीको रुपमा मानिएको हुँदा भगवतीलाई विभिन्न अलंकारहरुले अलंकृत गर्ने क्रममा ६७ तोला ४० लाल सुनको गहना रफुंदाहरु र ५५ तोला ४० लाल चाँदीका गहनाहरुले




प.नि

## १७० औं वार्षिकोत्सव सम्पन्न

हरेक वर्षभैं यस वर्ष पनि यस गणले आफ्नो १७० औं वार्षिकोत्सव पुस १२ गते हर्षोल्लासका साथ विभिन्न कार्यक्रमहरु गरी मनाएको छ । सोही क्रममा गणपतिद्वारा क्वार्टरगार्डमा दीप, कलश, गणेशसहित निशान भगवतीलाई खुशी बनाउन परम्पराअनुसार पूजा गरियो । साथै सोही अवसरमा अन्तरव्याट्री प्रतियोगिताको प्रथम व्याट्री (माउण्टेन व्याट्री) लाई यस गणका कर्णेल कमाण्डाण्ट स.र.श्री ताजमान सिंह बस्न्यातद्वारा च्याम्पियन व्याट्रीको उपाधि र झण्डा प्रदान गरियो । श्री राजदल गणको १७० औं वार्षिकोत्सवको अवसरमा २०७० साल पुस १२ गते गणको परम्परा अनुसार गणपति प्रमुख सेनानी श्री पुरुषोत्तम खड्काद्वारा यज्ञ मण्डपमा अष्ट चिरञ्जीविको पूजा, रुद्रभिषेकको पूजा रहोमको संकल्प गरी निशान भगवती शास्त्रास्त्र पूजनको साथै झण्डाको पूजाआजा गरी बाजागाजा, स्वस्ति वाचन, बढाईंका साथ गणपति रप्र.सु.द्वारा मनोग्राममा नयाँ झण्डोत्तोलन गरिएको थियो । वार्षिकोत्सवमा गणले स्थापना गरेको शक्ति देवी मन्दिरसाथै गणको वरिपरी रहेका (बटुक भैरव तथा महालक्ष्मी) मन्दिरमा पूजासमेत गरिएको थियो ।



वार्षिकोत्सवको अवसरमा प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा. लाई स्वागत गर्नुहुँदै गणपति ।



वार्षिकोत्सवको अवसरमा निशानको पूजा अर्चना गर्नुहुँदै गणपति प्रमुख सेनानी श्री पुरूषोत्तम खड्का ।




## दमन स्मृति

करीब २६ वर्ष पूरानो कपुरको रुख तत्कालीन सह.से. स्व.अ.प्रा.श्री दमन नरसिंह राणाद्वारा २०३२ सालमा राजदल मेश अगाडि वृक्षारोपण गरिएको थियो । हाल आएर उक्त वृक्ष मरेपछि हाम्रा अग्रज गनर अफिसरको सम्झनास्वरुप त्यस रुखको जरा उत्खनन गरी "दमन स्मृति" स्थापना गरियो र पुरानो कपुरको रुख भएको स्थानमा प्र.से.श्री पुरुषोत्तम खड्काद्वारा नयाँ समीको रुख वृक्षारोपण गरियो ।

# प्रधान सेनापति कप खुल्ला गल्फ प्रतियोगिता २०७० सम्पन्न

नेपाली सेनाद्वारा वार्षिकरुपमा आयोजना हुँदै आएको “प्रधानसेनापति कप खुल्ला गल्फ प्रतियोगिता २०७०” चैत २५ गते गोकर्ण फरेष्ट रिसोर्ट गल्फ कोर्षमा सम्पन्न भएको छ।

प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.सहभागी हुनुभएको उक्त प्रतियोगितामा सूर्याङ्श चौधरी समग्रमा प्रथम, रोबिन राणा द्वितीय, र विनायक वस्नेत तृतीय हुनुभएको थियोभने वेष्ट ग्रस प्रभात सिंह, गेष्ट वीनर जोसेफ नाथन, सिनियर वीनर अ.प्रा. रथी श्री कृष्णनारायण सिंह थापा, सिनियर रनर अप अ.प्रा. उपरथी श्री प्रदीप प्रताप बम मल्ल, लेडीज् वीनर डा. रिता थापा, लेडिज् रनर अप श्रीमती प्रेरणा मल्ल, मोष्ट बिडिज् श्री गौतम सायमी, लङ्गेष्ट ड्राईभ प्र.से. श्री




प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.सँग प्रधान सेनापति कप खुल्ला गल्फ प्रतियोगिता २०७० का विजयीहरू

वसन्तराज गुरुङ्ग र क्लोजेष्ट टु द पिन श्री भाइराजा पाण्डे हुनुभएको थियो।

प्रतियोगिताका विजयीहरुलाई प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा. र बलाधिकृत रथी श्री पवन बहादुर पाण्डेले कप तथा ट्रफि वितरण गर्नुभएको थियो।



नव वर्ष २०७१ को सुखद अवसरमा त्रिभुवन आर्मी अफिसर्स क्लबमा आयोजित रात्रीभोजमा प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा तथा अधिकृतहरु



# प्रधान सेनापतिबाट उपरथी दर्जाको दर्ज्यानी चिन्ह प्रदान

चैत २० गतेको नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय अनुसार प्राविधिक उपरथी दर्जामा पदोन्नति हुनुभएका प्राविधिक सहायक रथी डा.श्री बच्चुराम के.सी.लाई चैत २१ गते जङ्गी अड्डामा प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.ले उपरथी दर्जाको दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको छ। प्राविधिक उपरथी डा. श्री बच्चुराम के.सी. सैनिक स्वास्थ्य महानिर्देशनालयको महा-निर्देशकमा पदस्थापनभइ हाल सेवा निवृत्त हुनुभएको छ।

# शान्ति सैनिकलाई स्वागत तथा बिदाइ

अनमिश मिशन दक्षिण सुडानमा तैनाथ श्री इन्द्रबक्स गण (शा.से) तेस्रो डफ्फा आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरी स्वदेश फिर्ता भएको छ।



स्वदेश फिर्ता भएको सो गणको पहिलो टोलीलाई चैत १९ गते प्रबन्ध रथी उपरथी श्री राजेन्द्र क्षत्रीले जङ्गी अड्डामा आयोजित एक कार्यक्रमकाबीच स्वागत गर्नुका साथै नगद पुरस्कार प्रदान गर्नुभएको छ।

त्यसैगरि अनमिश मिशन दक्षिण सुडानमा



शान्ति स्थापनार्थ खट्टिएको श्री रणसिंह दल गण (शा.से.) चौंथो डफ्फाको दोस्रो टोलीलाई चैत २१ गते गौचर व्यारेक स्थित श्री काली प्रसाद गण(इ) मा आयोजित एक कार्यक्रमकाबीच संभाररथी उपरथी श्री पूर्णचन्द्र थापाले बिदाइ गर्नुभएको छ।

दक्षिण सुडानमा तैनाथ श्री इन्द्रबक्स गण (शा.से.) तेश्रो डफ्फाको दोस्रो टोली आफ्नो कार्यकाल पूरा गरी चैत २६ गते स्वदेश फिर्ता भएको छ।



स्वदेश फिर्ता भएको उक्त टोलीलाई चैत २६ गते कार्यरथी उपरथी श्री राजेन्द्र विक्रम शाहले आर्मी अफिसर्स क्लबमा आयोजित एक समारोहकाबीच स्वागत तथा नगद पुरस्कार प्रदान गर्नुभयो।

शान्ति स्थापनार्थ लेवनानमा तैनाथ श्री भगवतीदल गण (शा.से.) ५४ औं डफ्फाको चौथो टोली र सिरियामा तैनाथ श्री इन्फेण्ट्री युनिट(शा.से) पहिलो डफ्फाको अन्तिम टो



लीलाई चैत १७ गते निरीक्षणाधिकृत उपरथी श्री सुरेन्द्र बहादुर कार्कीले आर्मी अफिसर्स क्लबमा आयोजित एक समारो हकाबीच स्वागत तथा नगद पुरस्कार प्रदान गर्नुभयो।

शान्ति स्थापनार्थ दक्षिण सुडानमा खट्टिएको श्री अर्जुनबाण गण(शा.से.) पहिलो डफ्फा र रणसिंह दल गण(शा.से.) चौथो डफ्फालाई चैत २६ गते निरीक्षणाधिकृत उपरथी श्री सुरेन्द्र बहादुर कार्कीले गौचर व्यारेकमा आयोजित एक कार्यक्रमकाबीच बिदाइ गर्नुभयो।



प्रबन्धरथी उपरथी श्री राजेन्द्र क्षत्री चैत १६ गतेबाट अवकाश हुनुभएका सैनिक हवाई महानिर्देशनालयका महानिर्देशक उपरथी श्री रविचन्द्र शाहलाई बिदाइ गर्नुहुँदै



संयुक्त राष्ट्र संघीय मिशन(UNMISS)दक्षिण सुडानमा कार्यरत नेपाली शान्ति सैनिकहरुको निरीक्षणका क्रममा UNMISS मिशनका फोर्स कमाण्डर Maj Gen Delali Johnson sakyi सँग भेटवार्ताका क्रममा सैनिक जनसम्पर्क निर्देशक सहायक रथी श्री जगदीश चन्द्र पोखरेल

मुद्रणः सै.ज.नि. छापाखानाशाखा, तस्वीरः सै.ज.नि. तस्वीर शाखा तथा सम्बन्धित युनिटहरु कलर स्क्यानिङ्ः डिजिटेक पुल्चोक, सम्पादन सहयोगीः प्रा.सु. विनोद अधिकारी, ले-आउटः प्रा.जम. कृष्ण सिंह बोहरा/प्रा.हु प्रकाश हुमागाँई

# प्रकृति संरक्षण गतिविधि

-**शुक्लाफाँटा वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री गरुडदल गण अन्तर्गत** गण हेक्वा, पिपरिया, हात्तीथला, मालुमेला , पोष्टबाट चैत्र १ गतेदेखि ११ गतेसम्म खट्टिएको पट्रोल टोलीले गोबरिया, सिमलफाँट, दौँतरीघाट, माथिल्लो रडाह र भ्झाला इलाकामा अवैध रुपमा प्रवेश गरी घाँस दाउरा गरिरहेका ३४ जनालाई नाम्लो १८, हँसिया ६ तथा पासो १ सहित पक्राउ गरी आरक्ष कार्यालयलमा बुझाएको छ ।

-**शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री भैरव प्रसाद गण** हे.क्वा.तथा सुन्दरीजल सुरक्षा गुल्मबाट चैत ५ गते गएको पट्रोल टोलीले पानी मुहान तथा ओखेनी इलाकामा अवैध रुपमा प्रवेश गरी दाउरा काटीरहेका ५ जनालाई नाम्लो ६, हँसिया १, बोरा २ डोको २ र बन्चरो २ सहित पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ । त्यसैगरी चैत ६ गते सोही गणको जगात सुरक्षा पोष्टले ढकालचौर चेकप्वाइन्टमा चेक जाँचको क्रममा नुवाकोटबाट काठमाण्डौ आउँदै गरेको बा.२ ख ६२३५ बसमा नुवाकोट जिल्ला लज्याङ्ग-४ का हर्क बहादुर तामाङ्गलाई पूरानो फलामको सिक्री १ र ६ इन्च लामो जरायोको सिङसहित पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ । त्यसैगरी सोही दिन बा १ ख ४३४५ नम्बरको बसमा नुवाकोट जिल्ला खरानीटार-७ बस्ने गोबिन्द परियारलाई कस्तुरीको विना १, जंगली चराको खुट्टा २, लामो सुगन्धवाल १, जाईफल १, कुट्की ३, पहिचान नखुलेको जनावरको दाँत १, साल धुप १, जाइफ १, पित्तलको बज्र ५० ग्राम, रुखको धुलो २५ ग्राम, रङ्गिन धागो १० ग्राम, बाटेको धुप १, दर्शन ढुङ्गा ५० ग्राम मलेसियन सिक्का १ सेन्टसहित पक्राउ गरेको छ।

-**लाङटाङ राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री अहिदमन गण**ले चैत १ गते गण हे.क्वा.चेक प्वाइन्टमा चेक जाँचको क्रममा काठमाण्डौबाट धुन्चेतर्फ आउँदै गरेको कार र मोटरसाइकलको चेकजाँचको क्रममा ६ जनालाई २ के.जी ५० ग्राम गाँजासहित पक्राउ गरेको छ ।

-**कोशीटप्पु वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री ईन्द्रदल गुल्म**ले अर्ना विशेषज्ञ, आरक्ष कार्यालयका प्रतिनिधि तथा स्थानीयबासीको उपस्थितिमा चैत ११ गतेदेखि १३ गतेसम्म अर्ना गणना कार्य सम्पन्न गरेको छ। दुई वर्षको अन्तरालमा गणना हुँदा २५९ बाट ६८ थपभइ हाल ३२७ वटा अर्ना गणना गरेको छ। त्यस्तै पथरी पोष्टबाट चैत १२ गते गएको पट्रोल टोलीले आरक्षको कोर इलाकामा काठ काटिरहेका भारदह गा.वि.स-१ बस्ने बाबुलाल मुखियालाई विभिन्न साइजका काठका गोलिया र आरो २, बन्चरो २, साबेल सहित पक्राउ गरी आरक्ष कार्यालयमा बुझाएको छ ।


## एशिया-प्रशान्त क्षेत्रका शान्ति स्थापना........

साथै यस कार्यशालाले एसिया प्रशान्त क्षेत्रका भावी योजना तय गर्न, शान्ति स्थापना सम्बन्धी तालिम केन्द्रहरुबीच सम्बन्धको आपसी सहकार्य तथा सम्बन्ध अझ सुमधुर बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै Global Peace Operation Initiative (GPOI) का कार्यक्रम प्रबन्धक Mr Scot Weidie लगायत सहभागी सबैलाई धन्यबाद दिनु भएको थियो ।

उक्त कार्यशालामा नेपाल लगायत अष्ट्रेलिया, बंगलादेश, कम्बोडिया, चीन, भारत, ईन्डोनेसिया, जापान, मलेशिया, मंगोलिया, न्युजिल्याण्ड, पाकिस्तान, फिलिपिन्स, श्रीलंका, थाईल्याण्ड, भियतनाम, जमर्नी र क्यानाडाका Peacekeeping Training Centre का कमाण्डरहरुको सहभागीता रहेको थियो । गत वर्ष यस प्रकारको कार्यशाला मंगोलियामा सञ्चालन भएको थियोभने यसअघि नेपालमा सन् २०१० मा सञ्चालन भएको थियो ।

"Leveraging the strength of Association of Asia-Pacific Peace Keeping Operation Training Centre (AAPTC): development regional submission to address UN training needs" नारा सहित सञ्चालित उक्त कार्यशालामा संयुक्त राष्ट्र संघ अन्तर्गत रही तैनाथ हुनजाने फौजलाई समयसापेक्ष एवं प्रभावकारी तालिम प्रदान गर्ने सम्बन्धमा आपसी विचार-विमर्श एवं छलफल भएको थियो । सहभागी राष्ट्रहरुबीच तालिम सम्बन्धी आपसी समझदारी विकास गर्दै लाने र संयुक्त राष्ट्रसंघलाई तालिम परिमार्जन एवं पूनरावलोकन गर्न नीतिगत सुझावसमेत दिने लक्ष्य राखी सञ्चालित उक्त कार्यशालाको पहिलो तीन दिन काठमाण्डौंस्थित होटल याक एण्ड यतिमा तथा अन्तिम दिन पाँचखालस्थित श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा कार्यक्रम सञ्चालन गरिएको थियो ।

उक्त कार्यक्रमको समापनका क्रममा व्यवस्था तथा युद्धकार्य महानिर्देशक उपरथी श्री कार्कीले US Pacific Command ले विभिन्न तालिम, सेमिनार तथा गोष्ठीहरु सञ्चालन गरी शान्ति स्थापना कार्यमा पुऱ्याएको उल्लेखनीय कार्यको प्रशंसा गर्नुभएको थियो । अन्तर्राष्ट्रिय द्वन्द्व व्यवस्थापन र द्वन्द्वको पीडालाई कम गर्न शान्ति सेनाको तैनाथी एक महत्त्वपूर्ण औजारको रुपमा आज विश्व सामु रहेको कुरा बताउनुहुँदै उहाँले यस कार्यशालाबाट एसिया प्रशान्त क्षेत्रका भावी योजना तय गर्न, शान्ति स्थापना सम्बन्धी तालिम केन्द्रहरुबीच सम्बन्धको आपसी सहकार्य तथा सम्बन्ध अझ सुमधुर बनाउन सहयोग पुगेको विश्वास व्यक्त गर्नुभयो । Global Peace Operation Initiative(GPOI) का कार्यक्रम प्रबन्धक Mr Scot Weidie लगायत सहभागी सबैलाई धन्यबाद दिंदै उहाँले कार्यक्रमको अन्त्यमा नेपाली सेनाका प्रधान सेनापतिको तर्फबाट US Pacific Command लाई यस किसिमको कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गरेकोमा कृतज्ञता ज्ञापन गर्नुभयो । सोही अवसरमा Mr Scot Weidie ले संयुक्त कार्यशाला सञ्चालनमा नेपाली सेनाले पुऱ्याएको सहयोगका लागि धन्यवाद दिनु भएको थियोभने कार्यक्रमको शुरुवातमा वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रका केन्द्रपतिले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यशालामा नेपाललगायत अष्ट्रेलिया, बंगलादेश,कम्बोडिया, चीन, भारत, ईन्डोनेसिया, जापान, मलेशिया, मंगोलिया, न्युजिल्याण्ड, पाकिस्तान, फिलिपिन्स, श्रीलंका, थाईल्याण्ड, भियतनाम, जर्मनी र क्यानडाका Peacekeeping Training Centre का कमाण्डरहरुको सहभागिता रहेको थियो ।




# अधिकृत क्याडेटहरुलाई..

नेपाली सैनिक प्रतिष्ठानमा प्रथम पटक विदेशी अधिकृत क्याडेटहरु समावेश गरी सञ्चालित सि.सं. ५२ अधिकृत क्याडेट आधार तालिममा नाइजेरिया, माल्दिभ्स र केन्याबाट १/१ जनासहित ३ जना विदेशी अधिकृत क्याडेट सहभागी भएका थिए ।

स्मरण रहोस्, नेपाली सेनाका अन्य तालिम शिक्षालयहरु (माउण्टेन वारफेयर, जंगल वारफेयर, प्यारा बेशिक तथा स्टाफ कलेज) बाट हालसम्म करिब ३०० जनाभन्दा बढी मित्रराष्ट्रका सैनिक अधिकृत, पदिक तथा अन्यदर्जाहरुले तालिम प्राप्त गरिसकेका छन् ।

२४ महिना अवधिको सि.सं. ५२ अधिकृत क्याडेट आधार तालिममा २० जना महिला, २२० जना पुरुष अधिकृत क्याडेट र ३ जना विदेशी अधिकृत क्याडेटसहित जम्मा २४३ जना रहेका थिएभने सि.सं. ४२ पदिक/हुद्दा अधिकृत क्याडेट आधार तालिममा ३३ जना पदिक/हुद्दा अधिकृत क्याडेटहरु सहभागी रहेका थिए ।

उक्त अवसरमा सम्बोधन गर्दै प्रधानमन्त्री श्री कोईरालाले गौरवमय इतिहास बोकेको नेपाली सेनामा भर्नाभइ अथक प्रयास, समर्पण, लगनशीलता र मिहेनतले २४ महिनाको निर्धारित अधिकृत क्याडेट तालिम सम्पन्न गरी योग्य अधिकृत बन्न सफल भएकोमा नवआयुक्त अधिकृतहरुलाई हार्दिक बधाई दिनुकासाथै नेपालको स्वतन्त्रता, राष्ट्रियता, भौगोलिक अखण्डता, सार्वभौमसत्ताको रक्षा गर्ने गहन जिम्मेवारी बोकेको नेपाली सेनामा कार्यारम्भ र सफलताको कामना गर्नुभएको थियो । सम्बोधनकै क्रममा नेपाली सेनाले संविधान र कानुनले निर्धारण गरेको परिधिभित्र रही नागरिक सरकारको मातहतमा रहेर आफूलाई प्राप्त सबै जिम्मेवारीहरु पुरागर्दै लामो इतिहास वनाइसकेको विचार व्यक्त गर्दै उहाँले नागरिकको मौलिक हक र अन्तर्राष्ट्रिय मानवीय कानुनको रक्षा गर्दै नेपाली सेनाले प्राप्त जिम्मेवारीहरु कुशलतापूर्वक सम्पादन गर्दैआएको उल्लेख गर्नुभयो । यसैगरी उहाँले नितान्त सैनिक पेशासँग मात्र आफूलाई आवद्ध नराखी नेपाली सेना विपद् व्यवस्थापन, राष्ट्र विकास र निर्माण, स्वास्थ्य उपचार तथा शिक्षा जस्ता सामाजिक सेवामा पनि समर्पित हुँदैआएको उल्लेख गर्नुकासाथै संयुक्त राष्ट्रसंघको आग्रहमा द्वन्द्वग्रस्त मुलुकहरुमा शान्ति स्थापनार्थ सेनाले पुऱ्याएको योगदान र वलिदानवाट देशको छवि अन्तर्राष्ट्रिय क्षेत्रमा समेत उज्ज्वल बनाउन सघाउ पुगेको भनी प्रशंसा गर्नुभएको थियो ।

प्रधानमन्त्री श्री कोईरालाले नेपाली सेनाको व्यवसायिक उत्कृष्टता मित्रराष्ट्रहरुका सेनाका माझमासमेत चर्चाको विषय बन्न पुगेको बताउनु हुँदै नेपाली सेनाका शिक्षण संस्था र तालिम केन्द्रमा अध्यापन गरी अभ्यास गरिने अल्पकालीन र दीर्घकालीन प्रशिक्षण, तालिम र अध्ययन शत्रहरुमा हुने विदेशी सहभागिताले समेत नेपाली सेनाको सामर्थ्य विश्व सामू उजागर गर्न महत्त्वपूर्ण भूमिका खेलेको कुरा बताउनुभएको थियो । यसैगरी, नेपाली सेनाको व्यवसायिक क्षमता अभिवृद्धिका लागि आधुनिकीकरण गर्न आवश्यक रहेको बताउनुहुँदै उहाँले नेपाली सेना हरेक क्षेत्र, वर्ग, जाति र धर्मलाई समाहित गर्दै विवादरहीत ढंगले अघि बढिरहेको साथै राष्ट्रिय आवश्यकता अनुरुप समयसापेक्ष परिमार्जन गरिएका नीति नियमहरुको मातहत रही नेपाली सेनाले गरेको कामले राष्ट्रिय सुरक्षाको मामलामा जनताको आशा र भरोसाको पर्यायको रुपमा सेना विकसित भैइरहेको बताउनु भएको थियो ।

सम्बोधनको अन्तमा प्रधानमन्त्री श्री कोईरालाले नेपाली मात्रको साझा सम्पति र शक्तिका रुपमा रहे को नेपाली सेनाको अधिकृतको रुपमा “शीरमा ज्ञान र समझदारी, काँधमा सेवा र जिम्मेवारी तथा हृदयमा अदम्य साहस र नेतृत्व” मनन गरी राष्ट्रिय सेवा र नागरिक सेवामा नवआयुक्त अधिकृतहरुले आफ्नो जीवन समर्पित गर्ने विश्वास व्यक्त गर्नुहुँदै नेपाली सैनिक प्रतिष्ठानको आदर्श वाक्य “ज्ञान सेवा नेतृत्व” अनुरुप प्रशिक्षण दिई कुशल र अनुशासित अधिकृतहरु उत्पादन गर्न योगदान दिने शिक्षाधिकृत, पदिक, विल्लादार तथा शैक्षिक अध्यापनतर्फ योगदान दिनुहुने डिन र प्राध्यापकहरुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । सो अवसरमा माननीय उपप्रधान तथा गृहमन्त्री श्री वामदेव गौतम, निमित्त रक्षा सचिव, भूतपूर्व प्रधान सेनापतिहरु, नेपाली सेनाका रथीबृन्द, मित्रराष्ट्र नाईजेरियाका Air Vice Marshal ABC Nweze, Deputy Commandant, Nigerian Defence Academy (NDA), नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका उच्च पदस्थ अधिकृतहरु र अन्य सुरक्षा निकायका प्रतिनिधिहरु, नेपालस्थित विदेशी कुटनैतिक नियोगका सैनिक सहचारीहरु, नेपाली सैनिक प्रतिष्ठानका पूर्व शिक्षाधिकृत तथा नेपाली सेनाका अधिकृत, पदिक एवं अन्य दर्जाहरुका साथै नवआयुक्त अधिकृतहरुका परिवारजन र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रमको समापन पश्चात मित्रराष्ट्र नाईजेरियाका Air Vice Marshal ABC Nweze, Deputy Commandant, Nigerian Defence Academy(NDA) ले प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.सँग शिष्टाचार भेटवार्ता गर्नुभएको थियो । उक्त भेटवार्ताका क्रममा दुई सेनाबीचको आपसी हित र पारस्परिक सहयोगका विषयमा छलफल भएको थियो ।

## प्रधानमन्त्रीद्वारा......

उक्त निरीक्षणको क्रममा प्रधान सेनापति श्री ज.ब.रा.ले नं.१ बन तथा पर्यावरण गण र नं.१ राष्ट्र विकास गणको बन्दोबस्ती, तालिम लगायत अन्य विविध पक्षबारे जानकारी प्राप्त गर्नुकासाथै भवानीदल गणले सञ्चालन गरेको सामूहिक तालिमको वस्तुस्थिति बारेमा जानकारी हासिल गर्नुभइ तालिममा सहभागी फौजद्वारा प्रस्तुत सैनिक युद्धकलाहरुको प्रदर्शनी अवलोकन गर्नु भएको थियो ।

निरीक्षण भ्रमणका क्रममा प्रधान सेनापति श्री ज.ब.रा.ले सकलदर्जालाई सम्बोधन गर्नुहुँदै आफूलाई सुम्पिएको जिम्मेवारी उत्कृष्ट ढङ्गले पुरा गर्दै राष्ट्र तथा जनताको सेवामा दत्तचित्तभइ लाग्न निर्देशन दिनका साथै सैनिक पेशागत दक्षता, अनुशासन र कर्तव्यपरायणता कायम राख्न जोड दिनुभएको थियो ।

उक्त निरीक्षणको क्रममा प्रधान सेनापति श्री ज.ब.रा.ले नं.१ वन तथा पर्यावरण गण र नं.१ राष्ट्र विकास गणको बन्दोबस्ती, तालिम लगायत अन्य विविध पक्षबारे जानकारी प्राप्त गर्नुका साथै भवानीदल गणले सञ्चालन गरे को सामूहिक तालिमको बस्तुस्थिति बारेमा जानकारी हासिल गर्नुभइ तालिममा सहभागी फौजद्वारा प्रस्तुत सैनिक युद्धकलाहरुको प्रदर्शनी अवलोकन गर्नु भएको थियो ।

निरीक्षण भ्रमणका क्रममा प्रधान सेनापति श्री ज.ब.रा.ले सकलदर्जालाई सम्बोधन गर्नुहुँदै आफूलाई सुम्पिएको जिम्मेवारी उत्कृष्ट ढङ्गले पुरा गर्दै राष्ट्र तथा जनताको सेवामा दत्तचित्तभइ लाग्न निर्देशन दिनुका साथै सैनिक पेशागत दक्षता, अनुशासन र कर्तव्यपरायणता कायम राख्न जोड दिनुभएको थियो ।

## सामाजिक कार्यमा भगवती प्रसाद गुल्म

तेह्रथुम जिल्लामा तैनाथ श्री भगवती प्रसाद गुल्मले चैत १९ गते स्थानीय विद्यालयका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिस्वरुप नगद सहयोग गरेको छ ।

गुल्मपति सेनानी श्री महेश शाहले सिंहवाहिनी उच्च माध्यमिक विद्यालयका कक्षा १० मा अध्ययनरत ३ जना विद्यार्थीहरुलाई सो सहयोग प्रदान गर्नुभएको हो ।

त्यसैगरि चैत १८ गते गुल्मबाट खट्टिएको एक टोलीले सदरमूकाम म्याङ्लुङ्ग देखि उराठेसम्मको सडक मर्मत तथा सरसफाइ गरेको थियो । साथै सोही दिन गुल्मबाट खट्टिएको अर्को टोलीले पिप्ले गा.वि.स.मा लागेको आगो नियन्त्रणमा लिएको थियो । सो आगलागि नियन्त्रण गर्न सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय वासिन्दाको समेत संलग्नता रहेको थियो ।

## निरीक्षण भ्रमण

गत चैत १९ गते उपत्यका पृतनापति उपरथी श्री हिमालय थापाले छाउनीस्थित श्री जगदल गण र हवाई सुरक्षा तालिम शिक्षालयको निरीक्षण गर्नुभएको छ ।



निरीक्षणको क्रममा उहाँले सकलदर्जालाई सम्बोधन गर्नुहुँदै सेनामा अनुशासनको महत्त्व एवं विशेषताको बारेमा प्रकाश पार्नुकासाथै शान्ति समय युद्धको तयारीको अवस्था भएकोले पेशागत दक्षता अभिवृद्धि गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो ।

## प्रतिमा स्थापना तथा मन्दिर उद्घाटन

तेह्रथुम जिल्लास्थित श्री भगवतीप्रसाद गुल्मका गुल्मपति सेनानी श्री महेश शाहले चैत २४ गते म्याग्लुङ्गस्थित सिंहवाहिनी मन्दिरमा भगवतीको प्रतिमा स्थापना गरी एक कार्यक्रमबीच मन्दिर



उद्घाटन गर्नुभएको थियो ।

गणको आन्तरिक स्रोतबाट स्थापित उक्त प्रतिमाको उहाँले विधिपूर्वक पूजाआजा गर्नुभएको थियो । प्रतिमा स्थापना तथा उद्घाटन कार्यक्रममा जिल्लास्थित विभिन्न कार्यालय तथा संघसंस्थाका प्रमुख, बुद्धिजीवि, तथा समाजसेवी गरी करीब ३०० जनाको सहभागिता रहेको थियो ।

## गुणस्तर अभिवृद्धि कार्यशाला गोष्ठी सम्पन्न

चैत १७ र १८ गते पोखरास्थित सैनिक आवासीय महाविद्यालयले आफ्नो वार्षिक कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा दुईदिने गुणस्तर अभिवृद्धि कार्यशाला गोष्ठी सञ्चालन गरेको छ ।

पृथ्वीनारायण क्याम्पस नेपाली विषयका विभागीय प्रमुख प्रा.डा.विष्णुप्रसाद पौडेलले उद्घाटन



गर्नुभएको सो कार्यक्रममा विभिन्न विषयका आठवटा गोष्ठीपत्र प्रस्तुत गरिएको थियो । सम्बन्धित विषयका शिक्षक तथा विशेषज्ञहरुद्वारा छलफल तथा टिप्पणी गरिएका उक्त कार्यक्रमको पहिलो दिन नेपाली, अंग्रेजी, गणित, सामाजिक शिक्षा र विज्ञानको साथै दोस्रो दिन शिक्षण पद्दति र शिक्षणमा प्रविधिको प्रयोग विषयको गोष्ठीपत्र प्रस्तुत गरिएको थियो ।

कार्यक्रमको अन्तमा सहभागी, टिप्पणीकर्ता र विषय विशेषज्ञहरुद्वारा प्राप्त सुझाबहरुलाई समावेश गरी गोष्ठीपत्रलाई अन्तिम रुप दिँदै महाविद्यालयका प्राचार्य श्री खेमराज देवानले गोष्ठी र गोष्ठीपत्रहरुको महत्त्वबारे बोल्नु भएको थियोभने सम्पर्क अधिकृत प्रमुख सेनानी श्री मोहन चन्द्र गुरुङ्गले उपस्थित सम्पूर्ण सहभागीहरुलाई धन्यवाद दिनु भएको थियो ।

## निरीक्षण भ्रमण



**श्री भवानी बक्स गण**ले रुपन्देही जिल्लास्थित ईङ्गुरिया इलाकामा सञ्चालन गरेको दोस्रो चरणको सामूहिक तालिमको गत चैत २२ गते पश्चिम पृतनापति उपरथी श्री यज्ञ विक्रम राणाले निरीक्षण गर्नुभएको छ ।

चैत १९ गते पूर्वी पृतनापति उपरथी श्री बिनोज बस्न्यातले धनकुटास्थित **श्री नं. २ वाहिनी अड्डा**को निरीक्षण गर्नुभएको छ ।

सो निरीक्षणको दौरान पृतनापति उपरथी श्री बस्न्यातले वाहिनी तथा अन्तर्गतका युनिटहरुद्वारा प्रदर्शित आधारभूत सैनिक कला तथा दैवी प्रकोप उद्धार सम्बन्धी डेमोको अवलोकन गर्नुभएको थियो ।



यसैगरि निरीक्षणको क्रममा पृतनाका अपरेशन अधिकृत प्रमुख सेनानी श्री रघुवर राज थापा र कार्य प्रबन्धअधिकृत सेनानी श्री काजीबाबु प्रधानले कार्य प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो । उक्त निरीक्षण भ्रमणमा पृतनाका अपरेशन अधिकृत प्रमुख सेनानी श्री रविन्द्र के.सी. र सेनानी श्री रक्षा के.सी. लगायत स्टाफ अधिकृतहरुको समेत सहभागिता रहेको थियो ।

त्यसैगरि चैत २२ गते पृतनापति उपरथी श्री बस्न्यातले तेह्रथुम जिल्लामा तैनाथ **श्री भगवतीप्रसाद गुल्म**को निरीक्षण गर्नुभएको छ ।

सो क्रममा उहाँले गुल्ममा नवनिर्मित क्वार्टरगार्ड भवनको उद्घाटन गर्नुकासाथै गुल्म अन्तर्गत वसन्तपुर सुरक्षा वेसको निरीक्षण गर्नुभएको थियो । निरीक्षण भ्रमणको दौरानमा गुल्मले सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र जिल्ला रेडक्रस सोसाइटीसँगको समन्वयमा विपद् व्यवस्थापन, ब्यूनेट फाइटिङ र हतियार ह्याण्डलिङ प्रदर्शन गरेको थियो ।



मध्य पृतनापति उपरथी श्री सुन्दर पुडासैनीले चैत २१ गते पृतना अन्तर्गत धादिङ्ग जिल्लाको गजुरीस्थित **श्री सबुज गण**ले द्वारेफाँट ईलाकामा सञ्चालन गरेको सामूहिक तालिमको निरीक्षण भ्रमण गर्नुभएको थियो । निरीक्षणका क्रममा नं. ६ वाहिनीपति र उक्त गणका गणपतिलगायत सकलदर्जाको उपस्थिति रहेको थियो ।

सुदूरपश्चिम पृतनापति उपरथी श्री हेमन्तराज कुँवरले गत चैत ११ गते देखि चैत १४ गतेसम्म पृतना अन्तर्गतका विभिन्न युनिटहरुको निरीक्षण गर्नुभएको छ । सो क्रममा उहाँले डडेल्धुरामा तैनाथ **श्री श्रीनाथ गण**, बैतडीमा तैनाथ **श्री रणशुर गुल्म** र दार्चुलामा तैनाथ **श्री शत्रुभञ्जन गुल्म**को निरीक्षण गर्नुभएको थियो । निरीक्षणको क्रममा उहाँले सकलदर्जालाई सम्बोधन गर्नुकासाथै युनिटहरुको वस्तुस्थिति, तालिम, अपरेशन, बन्दोवस्ती लगायत विविध पक्षहरुको वारेमा जानकारी लिनुका साथै आवश्यक निर्देशनसमेत दिनुभएको थियो ।



## फष्ट रैफल गणको १६५ औं वार्षिकोत्सव

नुवाकोट जिल्लास्थित श्री फष्ट रैफल गणले चैत १० गते विभिन्न कार्यक्रमको आयोजना गरी आफ्नो स्थापनाको १६५ औं वार्षिकोत्स मनाएको छ ।



सो अवसरमा गणपति प्रमुख सेनानी श्री पवन खत्रीले बालमन्दिर प्राथमिक विद्यालय र इन्द्रेणी बाल गृहका बालबालिकालाई खेलकुद, स्टेशनरी र खाद्यान्न सामग्री वितरण गर्नुभएको थियोभने गणका सकलदर्जाले विभिन्न मन्दिर तथा सार्वजनिकस्थल सरसफाइ गरेका थिए ।



वर्षिकोत्सवकै अवसरमा गणका सकल दर्जाले विदुर नगरपालिका वडा नं.४ बट्टारस्थित हावाघरको वरपरको खाली जग्गामा विभिन्न फूल तथा काठजन्य विरुवाहरु रोप्नुकासाथै गणबाट गएको टोलीले स्थानीय खानेपानीका मुहानहरुको समेत सरसफाइ गरेको थियो ।

# एशिया-प्रशान्त क्षेत्रका शान्ति स्थापना तालिम केन्द्रहरुको कार्यशाला २०१४ सम्पन्न

नेपाली सेना र यु.एस. प्यासिफिक कमाण्डको तत्त्वावधानमा चैत १८ गतेदेखि नेपालमा सञ्चालित एसिया-प्रशान्त क्षेत्रका १६ राष्ट्र तथा जर्मनी र क्यानडा गरी जम्मा १८ राष्ट्रका Peacekeeping Training Centre का कमाण्डरहरु सम्मिलित कार्यशाला चैत २१ गते सम्पन्न



कार्यशाला शुभारम्भका क्रममा सम्बोधन गर्नुहुँदै बलाध्यक्ष रथी श्री प्रदिप विक्रम राणा

भएको छ । चैत १८ गते बलाध्यक्ष रथी श्री प्रदिप विक्रम राणाले उद्घाटन गर्नुभएको सो कार्यशालाको व्यवस्था तथा युद्धकार्य महानिर्देशक उपरथी श्री पदम विलास कार्कीले श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा समापन गर्नुभएको थियो ।



कार्यशाला समापनका क्रममा सम्बोधन गर्नुहुँदै व्यवस्था तथा युद्धकार्य महानिर्देशक उपरथी श्री पदम विलास कार्की

कार्यशाला शुभारम्भका क्रममा बलाध्यक्ष रथी श्री राणाले US Pacific Command ले विभिन्न तालिम, सेमिनार तथा गोष्ठीहरु सञ्चालन गरी शान्ति स्थापना कार्यमा पुऱ्याएको उल्लेखनीय कार्यहरुको प्रशंसा गर्नुभएको थियो । बाँकी पेज ७ मा

# ईण्ट तथा तालिम सेमिनार सम्पन्न

पश्चिम पृतनापति उपरथी श्री यज्ञ विक्रम राणाद्वारा चैत ११ शुभारम्भ गरिएको दुई दिने ईण्ट तथा तालिम सेमिनारको चैत १२ गते पृतनाकै सह चीफ अफ स्टाफ महासेनानी श्री राजेश चन्दले एक समारोहकाबीच समापन गर्नुभएको छ ।



उक्त ईण्ट तथा तालिम सेमिनारमा पृतनाअन्तर्गत वाहिनी, गण, गुल्महरुका ईण्ट तथा तालिम अधिकृत लगायत स्पोर्ट्स अधिकृतहरुको समेत सहभागिता रहेको थियो ।

# सैनिक श्रीमती संघद्वारा राहत वितरण



सैनिक श्रीमती संघले कपिलवस्तु जिल्ला, वीरपुर गाविस-८ स्थित पिपरी गाउँमा चैत १८ गते भएको आगलागी पीडित ४८ घर परिवारलाई चैत २३ गते राहत सामग्री वितरण गरेको छ ।

श्री नं. २२ वाहिनी अड्डाको पहलमा वाहिनी हेडक्वार्टरबाट सङ्कलित खाद्यान्न, त्रिपाल, भुल तथा लत्ताकपडा लगायतका सामग्री संघका केन्द्रीय सल्लाहकार श्रीमती माला राणा र सहसचिव श्रीमती सरिता कार्कीले संयुक्तरुपमा वितरण गर्नुभएको थियो । राहत वितरण कार्यक्रममा सैनिक श्रीमती संघका अन्य सदस्य, कालिजङ्ग गणका गणपति, पत्रकारहरु, स्थानीय बुद्धिजीवि, सुरक्षाकर्मीहरुको साथै स्थानीय अग्नि पीडितहरु लगायतको उपस्थिति रहेको थियो ।

# स्वास्थ्य शिविर तथा रक्तदान

चैत १५ गते धादिङ जिल्लाको गजुरीस्थित श्री सबुज गणबाट गणपति प्रमुख सेनानी श्री भोलानाथ थापाको कमाण्डमा खटिएको एक टोलीले डुम्रेचोक इलाकामा स्वास्थ्य शिविर सञ्चालन गरेको थियो ।



शिविरमा बालरोग, स्त्रीरोग, जनरल सर्जरी, हाडजोर्नी तथा जनरल फिजिशियन, फिजियोथेरापी, साधारण ज्वरो र चर्म रोगका २५० जना बिरामीहरुलाई निःशुल्क उपचार तथा औषधी वितरण गरिएको थियो । सो शिविरमा गण मेडिकल टोलीसहित चितवनस्थित कलेज अफ मेडिकल साईन्स भरतपुरका ११ जना विशेषज्ञ डाक्टरहरुको उपस्थिति रहेको थियो ।

रुकुम जिल्लास्थित श्री वीरदल गणका सिपाही विष्णु कुमार श्रेष्ठले रक्त अल्पत्ताबाट पीडित महिलालाई रक्तदान गरेका छन् । रुकुम जिल्ला माग्मा गाविस ८ बस्ने छली खत्रीलाई रगतको आवश्यकता परेको हुँदा चैत ९ गते सिपाही श्रेष्ठले १ पिण्ट रगत दिएका हुन् ।

# विविध सामाजिक कार्य

विगत केही समयदेखि जारीरहेको बागमती नदी सरसफाइ अभियानमा संलग्न रहँदै आएको सिंहदरबारस्थित नारायणदल गणले चैत २२ गते पनि सरसफाइ कार्यक्रममा आफ्नो सहभागिता जनाएको छ ।

नेपाल सरकारका मुख्यसचिव लिलामणी पौडेलको नेतृत्वमा सञ्चालित उक्त सरसफाइ अभियानमा सो गणबाट अधिकृतको कमाण्डमा खटिएको ११६ जनाको टोलीले शंखमूल इलाकाको सरसफाइ गरेको थियो । सो सरसफाइ कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, निजामति कर्मचारी, विभिन्न संघ संस्थाका प्रतिनिधि तथा सर्वसाधारणहरुको समेत सहभागिता रहेको थियो ।



सुनसरी जिल्लाको इटहरी नगरपालिकामा तैनाथ पूर्वी पृतना तथा अन्तर्गतका युनिटहरुबाट खटिएको टोलीले चैत १८ गते स्थानीय मन्दिर इलाकाको सरसफाइ गरेको छ ।

श्री बुढी गंगा जमुना मुक्तिघाट समितिद्वारा आयोजित उक्त सरसफाइ कार्यमा बटुकदल गणका गणपति, पृतना अन्तर्गत युनिटका अधिकृत, पदिक, अन्यदर्जासहित २३० जनाको टोलीले स्थानीयबासीसँगको सहकार्यमा सो सरसफाइ गरेको हो ।



पाल्पा जिल्लामा तैनाथ श्री चण्डीप्रसाद गणले स्थानीय बासिन्दासँगको सहकार्यमा चैत २३ गते तेल्या-१ स्थित विद्यालय तथा मन्दिर परिसरको सरसफाइ एवं जीर्णोद्वार कार्य सम्पन्न गरेको छ । गणबाट खटिएको १४ जनाको टोलीले तेल्या-१ स्थित प्रजातन्त्र प्राथमिक विद्यालय, नयाँपाटीस्थित खेल मैदान मर्मत एवं वृन्दावनस्थित शिव र गणेश मन्दिरको सरसफाइ तथा जीर्णोद्वार कार्य सम्पन्न गरेको हो । उक्त सरसफाइ कार्यमा ४० जना स्थानीय वासिन्दाको सहभागिता रहेको थियो ।

# वार्षिकोत्सव सम्पन्न

चैत १२ गते श्री देवीदल गणले आफ्नो स्थापनाकालको १९९ औं वार्षिक उत्सव विविध कार्यक्रमको आयोजना गरी मनाएको छ ।



वार्षिकोत्सवको अवसरमा गणपति प्रमुख सेनानी श्री रोशन खड्काले विधिवत् रुपमा निशान भगवतीको पूजार्चना तथा झण्डोत्तोलन गर्नुकासाथै गणको इतिहास तथा गतिविधिबारे सकलदर्जाहरुलाई जानकारीसमेत गराउनुभएको थियो ।

त्यसैगरि प्रमुख सेनानी श्री खड्काले गणमा रिक्त रहेको दरवन्दीमा पदोन्नति हुने स्टाफ, विल्लादार तथा सिपाही जवानहरुलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुको साथै वार्षिक उत्सवको अवसरमा आयोजित विभिन्न प्रतियोगिताहरुमा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई पुरस्कार तथा पदकहरु समेत वितरण गर्नुभएको थियो । त्यस्तै २०७० को सर्वोत्कृष्ट जवान व्य.नं. २४२७७४ सि. कवि वि.क.लाई पुरस्कार प्रदान गर्नुभएको थियो । वार्षिकोत्सवको अवसरमा सकलदर्जा तथा परिवारहरुको लागि बडा खानाको समेत आयोजना गरिएको थियो ।

## सैनिक इतिहास
साभारः नेपालको सैनिक इतिहास भाग-१

**अघिल्लो अंकबाट बाँकी क्रमशः**

इजरायलले यी प्रस्तावहरु स्वीकार गरेपछि क्यानाडा, फ्रान्स, इरान,नर्वेर स्विडेनबाट सै निकहरु लिई अन्दाजी २५०० जवानको संयुक्त राष्ट्रसंघीय अन्तरिम फौज UNIFIL (united Nation Interim force in Lebanon) को गठन गरियो । एक महिना जतिपति नाइजेरिया र सेनिगलका साथै नेपाललाई पनि उक्त फौजमा सामेल गरियो र अब यसको संख्या अन्दाजी ४००० पुग्यो । अर्को यो संख्यामा फेरि दुई हजार थप गरियो । यस अन्तरिम फौजको मुख्य कार्य इजरायली फौजलाई लेबनानबाट फिर्ता पठाई त्यहाँको प्रशासनको जिम्मा लेबनानी अधिकारलाई सुम्पी शान्ति कायम गर्नु थियो ।

सन् १९७८ को अप्रेल महिनादेखि नेपालले आफ्नो सेनाको डफ्फा लेबनानतर्फ पठाउन शुरु गऱ्यो र हालसम्म नेपाली सेनाको बाइस डफ्फा त्यसतर्फै पठाईसकेको छ । प्रत्येक डफ्फाले लेबनानमा रही छः महिनासम्म काम गर्दथ्यो र त्यो डफ्फालाई तुरुन्तै अर्को डफ्फाले बदली गर्थ्यो । बिचमा तीनपटक (मई १९८०, नोभेम्बर १९८० र मई १९८२) विभिन्न कारणवश नेपालले सेनाको डफ्फा नपठाई केही सैनिक अफिसरहरुलाई युनिफिलको हेडक्वार्टर नाकुरातर्फ पठाएको थियो । यी डफ्फाअन्तर्गत रही नेपाली सेनाका अफिसरहरुले उच्च पदमा रही काम गरेका थिए । एकजना डिपुटी फोर्स कमाण्डर (DFC) को रुपमा काम गरेका थिए भने केहीले चीफ-अफ-स्टाफ (COS) को पद सम्हालेका थिए । अनि केहीलाई चीफ मिलिटरी पुलीस अफिसर (CMPO) र सिनियर लेजो अफिसर (SLO) को मिलिटरी असिस्टेन्ट (Military Assistant)का रुपमा पनि नेपाली सेनाको पफिसरले काम गरेका थिए । हालसम्म नेपालले यनिफिलमा पठाएको सैनिक टोलीको विस्तृत विवरण यसप्रकार छ :-

| सि.नं. | गण | संख्या | गएको मिति | फर्केको मिति |
|---|---|---|---|---|
| १ | गोरखबहादुर | ६४२ | १२ अप्रेल १९७८ | २३ अक्टुबर १९७८ |
| २ | बर्दबहादुर | ५८९ | २२ अक्टुबर १९७८ | २ मई १९७९ |
| ३ | पशुपतिप्रसाद | ६४४ | १ मई १९७९ | १९ नोभेम्बर १९७९ |
| ४ | फष्ट रैफल | ६४४ | ६ नोभेम्बर १९७९ | ६ मई १९८० |
| ५ | दवीदत्त | ४३० | १ जून १९८१ | ४ डिसेम्बर १९८१ |
| ६ | कालीबहादुर | ४३० | ३ डिसेम्बर १९८१ | १ जून १९८२ |
| ७ | शेर | ४६० | ३१ मई १९८२ | १० नोभेम्बर १९८२ |
| ८ | महीन्द्रदल | ६६६ | ३१ जनवरी १९८५ | १० जून १९८५ |
| ९ | श्रीनाथ | ६६६ | ३१ जून १९८५ | ४ फरवरी १९८६ |
| १० | गोरखबहादुर | ८०० | ४ फरवरी १९८६ | २५ अगष्ट १९८६ |
| ११ | सिंहनाथ | ८०० | २५ अगष्ट १९८६ | २४ फरवरी १९८७ |
| १२ | शमशेर दल | ८५० | २४ फरवरी १९८७ | २६ अगष्ट १९८७ |
| १३ | सबुज | ८५० | २६ अगष्ट १९८७ | १६ फरवरी १९८८ |
| १४ | देवीदत्त | ८५० | १६ फरवरी १९८८ | १८ अगष्ट १९८८ |
| १५ | नयाँ गोरख | ८५० | १९ अगष्ट १९८८ | १४ फरवरी १९८९ |
| १६ | कालीबक्स | ८५० | १३ फरवरी १९८९ | १४ अगष्ट १९८९ |
| १७ | पुरानो गोरख | ८५० | १३ अगष्ट १९८९ | १२ फरवरी १९९० |
| १८ | कालीबहादुर | ८५० | १२ फरवरी १९८९ | ३ सेप्टेम्बर १९९० |
| १९ | गोरखनाथ | ८५० | ४ सेप्टेम्बर १९९० | २० मार्च १९९१ |
| २० | बर्दबहादुर | ८५० | २० मार्च १९९१ | १६ सेप्टेम्बर १९९१ |
| २१ | पशुपतिप्रसाद | ८५० | १६ सेप्टेम्बर १९९१ | मार्च १९९२ |
| २२ | श्रीनाथ | ८५० | मार्च १९९२ | |

शुरुमा नेपाली सेनाको डफ्फामा दुईजना अफिसर हुन्थे जसमध्ये एकजना कन्टिजेन्ट कम्माण्डर हुन्थे भने भने दोस्रोलाई गणपतिको दर्जा दिएको हुन्थ्यो । तर पछि गएर ने पाली सैनिक अफिसरहरुलाई संयुक्त राष्ट्र संघीय उच्च पद पनि दिइयो र एकजनाले त डी.एस.सी.( Deputy Force Commander) को रुपमा पनि काम गरका थिए जसको अधीनमा नेपाली सेनाका अतिरिक्त अन्य देशको सेना पनि हुन्थ्यो । यो पदमा रही काम गर्ने व्यक्ति सहायक रथी नगेन्द्रबहादुर बस्न्यात थिए । यसै गरी चीफ-अफ-स्टाफ(COS)को रुपमा कृष्णनारायणसिंह थापा र तुलाबहादुर थापाले काम गरेका थिए भने फोर्स कमाण्डरको मिलिटरी असिस्टेन्टको रुपमा भिक्ट्री राणाको नियुक्ति भएको थियो । साथै हरेक नेपाली सैनिक डफ्फामा चीफ मिलिटरी पुलिस अफिसर र सीनियर लेजो अफिसरको पनि व्यवस्था गरियो । यस शान्तिसेनाको मुख्य काम लेबनान र इजरायलबीचको (सीमा जसलाई संयुक्त राष्ट्र संघले सेक्यूरिटी जोन घोषित गरको छ) । मा बसी दुवै देशबीच कुनै संघर्ष हुन नदिनु रहेको छ । यसको लागि शान्ति सेना तैनाथ गरिएको ठाउँमा स्वीकृतिबिना कसैलाई पस्न दिइँदैनथ्यो । यसका साथै युद्धबन्दीहरुको आदान-प्रदान र युद्धको दौरान बिछोडिएका परिवारको पुनर्मिलन जस्ता कार्य पनि शान्ति सेनामार्फत गरिने व्यवस्था रहेको छ । विभिन्न प्रकारको मानवीय कार्यमा पनि शान्ति सेना सक्रिय रहेको छ ।

लेबनानीहरुमा कोही दुर्घटनामा परी घाईते भएमा, सख्त बिरामी भएमा,र कुनै क्षेत्रमा रोग फैलिई वातवरण बिग्रेमा शान्ति सेनाले सक्दो मद्दत गरिआएको छ ।

शान्ति सेनाले कुशलतापूर्वक आफूलाई सुम्पिएका काम गर्दै आएको छ तापनि इजरायल र लेबनानबीचको संघर्ष पूर्ण रुपले अन्त भएको छैन । पेलिष्टाइनी मुक्ति संगठनका गुरिल्लाहरुलाई दमन गर्न भनी कैयौंपल्ट इजरायलले सेक्यूरिटी जोन नाघी लेबनान भित्र पसी सैनिक कारवाही गरेको छ । उदाहरणका लागि सन् १९८२ जून महिनाको घटनालाई लिन सकिन्छ-जब इजरायलले शान्ति सेनालाई एकतर्फ घचेडी आफ्नो फौजलाई बिरुतसम्म पठाएको थियो र जसको फलस्वरुप हजारौं व्यक्तिको ज्यान गएको थियो । केही हजार फौजमा सिमित भएको शान्तिसेनाले इजरायलको ठुलो फौजसँग मुकाबिला गर्ने त प्रश्न नैछैन,तर पनि शान्ति सेनाकै प्रयासद्वारा इजरायल-लेबनान संघर्षले उग्ररुप लिन पाएको देखिदैन । लेबनानका अतिरिक्त हालसालै (सन्१९८२)नेपालले संयुक्त राष्ट्र संघको आह्वाहनमा एउटा सैनिक दल युगोस्लाभियामा शान्ति कायम गर्न त्यसतर्फ पठाएको छ ।

क्रमश :अर्को अंकमा

## प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज. ब. रा. ले नववर्ष २०७१ को उपलक्ष्यमा नेपाली सेनाका सकल दर्जालाई दिनुभएको शुभकामना

प्रधान सेनापति
Chief of the Army Staff



१. नेपाल र नेपालीको निःस्वार्थ सेवालाई मूल मन्त्र बनाएर आफ्नो कार्य क्षेत्रमा अनवरत कार्यरत स्वदेश तथा विदेशमा रहेका नेपाली सेनाका वहालवाला तथा भूतपूर्व सकल दर्जा, नेपाली सेनाभित्र कार्यरत निजामती कर्मचारी एवं परिवारजनमा "नववर्ष २०७१" को सुखद उपलक्ष्यमा सुख, शान्ति तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२. उच्च नैतिक धरातलमा उभिएर, पूर्ण व्यवसायिकताका साथ नेपाली सेना राष्ट्रले सुम्पिएका सबै जिम्मेवारीहरु सम्पादन गर्ने कार्यमा अग्रणी रहेको बारे स्पष्ट छ । बदलिँदो सुरक्षा परिस्थितिमा आईपर्ने र आउनसक्ने सुरक्षा चुनौतीहरुलाई प्रभावकारीपूर्ण सम्बोधन गर्न सक्ने सांगठनिक क्षमताको विकाश गर्नु अपरिहार्य छ । देश र जनताप्रति अक्षुण्ण समर्पण रहने यस संस्थाप्रति सबै क्षेत्रबाट सदा झैं आवश्यक सहयोग तथा सद्भाव प्राप्त हुने कुरामा म विश्वस्त छु ।

३. अन्त्यमा सेनाको शान तथा व्यवसायिक दक्षतालाई नयाँ उचाईमा पुऱ्याउन हामी सबैलाई प्रेरणा मिलोस् भन्ने कामना गर्दै पुनः "नववर्ष २०७१" को शुभकामना व्यक्त गर्दछु ।

जङ्गी अड्डा ।
मिति २०७०/१२/२३ गते ।

गौरव शम्शेर ज.ब.रा.
महारथी
प्रधान सेनापति

## अन्तर्राष्ट्रिय माईन जोखिम सचेतना....

नेपाली सेनाले हालसम्म Mine Action Management अन्तर्गत Mine Risk Education, Victim Assistance र Clearance को क्षेत्रमा सक्रियरुपमा कार्यहरु गर्दै आइरहेको छभने बारुदी सुरुङ्गहरु निष्क्रिय बनाउने कार्यको दौरान विगतकोआन्तरिक द्वन्द्वको समयमा विशुद्ध आन्तरिकसुरक्षार्थ बिछ्याइएका ५३ वटा स्थानका बारुदी सुरुङ्गहरुको सफाइ कार्य सम्पन्न गरिसकेको छ ।

उक्त स्थानहरुको बारुदी सुरुङ्गहरुको सफाइसँगै २०६८ जेष्ठ ३१ गते नेपाललाई "Land Mine Free Country" घोषणा गरिएको थियोभने दोश्रो संविधानसभाको निर्वाचनको दौरान २६८ बम डिस्पोजल टीमहरु परिचालितभइ विष्फोटक पदार्थहरबाट सर्वसाधारणको जनधनको खतरालाई न्यूनीकरण गर्न नेपाली सेनाले विशेष भूमिका निर्वाह गरेको थियो । हाल नेपाली सेनाले सर्वसाधारणको सुरक्षालाई पहिलो प्राथमिकतामा राखी विष्फोटक पदार्थबाट हुनसक्ने सम्भाव्य क्षतिलाई कम गर्न अधिराज्यव्यापीरुपमा माईन जोखिम शिक्षा(Mine Risk Education) प्रदान गर्दै आइरहेको छभने आगामी दिनहरुमा समेत यसलाई अझ निरन्तरता दिने नेपाली सेनाको योजना रहेको छ ।

## आगलागी नियन्त्रणमा सूर्यदल गण

पर्वत जिल्लाको नाङ्लीबाङ गा.वि.स.को गिठेनी सामुदायिक वनमा चैत २१ गते भएको आगलागीलाई सूर्यदल गणबाट खटिएको फायर फाईटिङ्ग टोलीले प्रहरी प्रशासन तथा स्थानीय



बासिन्दाको सहकार्यमा नियन्त्रणमा लिएको छ । देउराली गाविसको वडा नं. ५ बाट अचानक सल्केको आगो सोही गा.वि.स.को ४, ५, ६, ७ र ८ नम्बर वडामा समेत फैलिएको थियो ।

## आगलागी नियन्त्रण तथा सचेतनामूलक कक्षा सञ्चालन

बाग्लुङ जिल्लामा तैनाथ श्री सूर्यदल गणबाट सह-सेनानी अनिश रिजालको कमाण्डमा खटिएको ३६ जनाको टोलीले गत चैत २६ गते बाग्लुङ नगरपालिका-१ स्थित रामरेखा सामुदायिक वनमा लागेको आगो निभाएको थियो ।

त्यसैगरी उक्त गण र कालीभञ्जन गण (इ) ले बाग्लुङ नगरपालिका वडा नं-२ स्थित धौलागिरि बहुमुखी क्याम्पसमा विष्फोटक पदार्थ सम्बन्धी कक्षा सञ्चालन गरेको छ । सो कक्षामा प्राध्यापक, विद्यार्थी तथा कर्मचारी लगायत २०० जनाको सहभागिता रहेको थियो ।

## तालिम विविध

गत चैत १४ गते मुस्ताङ जिल्लास्थित सैनिक उच्च शिखर शिक्षालयमा सञ्चालन भएको सि.सं ४२ हाई अल्टिच्युट तथा माउण्टेन वारफेयर तालिमको शिक्षाधिकृत महासेनानी श्री राम राणाले एक कार्यक्रमकाबीच अन्तिम प्रवचन गर्नु भएको छ ।

त्यसैगरि चैत १६ गते शिक्षाधिकृत श्री राणाले एक कार्यक्रमकाबीच सि.सं ४२ माउण्टेन वारफेयर बेशिक तालिमको प्रथम प्रवचन गर्नु भएको छ । उक्त तालिममा अधिकृत, पदिक र अन्यदर्जासहित १७८ जना शिक्षार्थीहरुको सहभागिता रहेको छ ।

भक्तपुरस्थित सैनिक समाचार शिक्षालयमा गत चैत १४ गते सि.सं २३ इण्टेलिजेन्स तथा सुरक्षा पदिक/बिल्लादार तालिमको शिक्षाधिकृत प्रमुख सेनानी श्री प्रकाश आचार्यले एक कार्यक्रमकाबीच अन्तिम प्रवचन गर्नुभएको छ । गत मङ्सिर २३ गतेबाट सञ्चालन भएको सो तालिममा ३३ जना शिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

**प्रबन्ध निर्देशक**: महा-सेनानी निरञ्जन कुमार श्रेष्ठ
**प्रधान सम्पादक**: प्रा. महा सेनानी ईश्वर कुमार श्रेष्ठ
**सम्पादक**: प्रा. प्रमुख सेनानी केशव बर्तौला
**सह-सम्पादक**: सह-सेनानी भैरव लिम्बु
**प्रकाशक**: श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, प्रचार-प्रसार शाखा, जङ्गी अड्डा,
**फोन**: ०१-४२४१७३१, E-MAIL:- sipahipatrika@gmail.com
१ बैशाख २०७१ / 14th Apr. 2014

## शाश्वत वाणी

- गलत मान्छेले गलत भन्दैमा गलत भइँदैन, सही र गलत छुट्याउने मूल्याङ्कनकर्ताको क्षमता र ओहदा बुझ्न जरुरी छ। - अज्ञात
- भूतकालको अनुभवबाट बुद्धिमान् मानिसले भविष्यको अनुमान लगाउँदछ।
  - सोफोक्लिज

### सम्पादकीय

# नव वर्षको शुभकामना

समयको गतिशीलतासँगै २०७० साल अब विगत बनेको छ भने नयाँ सम्भावना र आशाहरुसहित नयाँ वर्ष २०७१ को आगमन भएको छ। नयाँ वर्षको सुखद् आगमनले पक्कै पनि नेपाल र नेपालीहरुमाझ सुख, शान्ति तथा समृद्धिको नविन आशा र उत्साहको सञ्चार गरेको छ। जारी संक्रमणकालसँगै दिगो शान्ति, विकास र स्थायित्वको लागि व्यग्र नेपाल र नेपालीहरुको लागि यो नयाँ वर्ष २०७१ उक्त दिशामा ठोस र निर्णायक वर्ष बन्न सकोस्, नव-वर्षको यस शुभ-अवसरमा सिपाही पाक्षिक यही माङ्गलिक कामना गर्दछ।

राष्ट्र र राष्ट्रबासीको रक्षार्थ वलिदानीपूर्ण एवं गौरवमय इतिहास बोकेको नेपाली सेनाले इतिहासको हरेक कालखण्डमा आफ्नो राष्ट्रको स्वाधिनता, सार्वभौमसत्ता एवं भौगोलिक अखण्डताको रक्षार्थ आफूलाई समर्पित गर्दैआएको छ। गहन राष्ट्रिय जिम्मेवारीहरु बहन गर्दै अढाइ-सय वर्ष लामो यात्रा पूरा गरिसकेको नेपाली सेना राष्ट्रको प्रमुख सुरक्षा निकायको रुपमा नेपाली सेना समयसापेक्ष आफ्नो हर भूमिका र जिम्मेवारीहरुमा खरो एवं दृढ रुपमा प्रस्तुत हुँदैआएको छ र आगामी दिनहरुमा समेत राष्ट्रबाट आफूलाई सुम्पिएको जिम्मेवारीहरुमा अविचलित भई लागिरहने दृढता प्रकट गर्दै आएको छ। वास्तवमा राष्ट्रिय आवश्यकताको बखत जस्तोसुकै कठिन र चुनौतीपूर्ण घडीहरुलाई सामना गर्ने क्रममा नेपाली सेनाले उच्च अनुशासन, कर्तव्यनिष्ठा र बफादारीलाई कायम गर्दै निष्पक्ष एवं उत्कृष्ट व्यवसायिक भूमिकालाइ पुष्टि, पुनःपुष्टि समेत गर्दै आएको छ।

नेपाली सेना सदा वैधानिक सरकारको विधिसम्मत नियन्त्रण तथा निर्देशनमा रही राष्ट्र र राष्ट्रबासीहरुको सेवामा समर्पित एक अनुशासित संस्था हो। नेपाली सेना सदा समावेशी संगठनको रुपमा रही आफ्नो कार्यलाई जनउत्तरदायी एवं पारदर्शी ढङ्गले सम्पादन गर्नु आफ्नो कर्तव्य ठान्दछ। राष्ट्रले सुम्पिएको प्राथमिक सैनिक जिम्मेवारीको अतिरिक्त राष्ट्रमा घट्ने मानव सिर्जित वा प्राकृतिक विपद्मा उद्धारकार्य, प्राकृतिक सम्पदा तथा वन्यजन्तुको संरक्षण र सम्वर्द्धन, राष्ट्रिय सम्पत्तिको सुरक्षा, विकास निर्माण, राष्ट्रिय चाडपर्व तथा संस्कृतिको जगेर्ना तथा अन्तर्राष्ट्रिय शान्ति स्थापनामा समेत नेपाली सेनाले पुऱ्याएको योगदानसँगै राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा नेपाली सेनाले कमाएको ख्याति समग्र मुलुककै लागि गौरवको विषय बन्ने गरेको छ। यीनै निष्ठालाई युग-युगसम्म जोगाई राख्न नेपाली सेना हरदम प्रयत्नशील रहनेछ।

नेपाली सेना नेपाली जनताको, जनताकै लागि र जनताद्वारा नै स्थापित संगठन भएकाले सधैं मानव अधिकारको संरक्षण र पालना गर्दै नेपाल सरकारको नीति निर्देशनअनुसार सुम्पिएको कार्यमा सम्पादन गर्न सदा दत्तचित्त रहेको छ। नव वर्षको यस सुखद अवसरमा अझ बढी उच्च अनुशासित संस्थाको रुपमा नेपाल र नेपालीको मनमा बस्न सफल होस्, नेपाली सेनालाई व्यवसायिक संगठनको रुपमा अझ सशक्त ढङ्गले स्थापित हुन सबैको साथ र सहयोग प्राप्त भइरहोस्, नव वर्ष २०७१ को सुखद् उपलक्ष्यमा यही कामनाकासाथ सिपाही पाक्षिक पूनश्चः नेपाल र नेपाल बाहिर रहनु भएका नेपाली सेनाका बहालवाला तथा अवकाशप्राप्त सैनिकहरु, निजामति कर्मचारीहरु र तिनका परिवारजनकासाथै समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु-स्वास्थ्य एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछ।

## जण्डिस (कमलपित्त)

तपाइको स्वास्थ्य

-डा.सुधांशु के.सी

हाम्रो देशमा जण्डिस (कमलपित्त) को प्रकोप वर्षभरि नै भइरहन्छ। जण्डिस भन्नाले कलेजोको रोग भन्ने पाइएको छ। जण्डिसको शंङ्का लाग्ने बित्तिकै खाना बार्ने काम सुरु हुन्छ र यो प्रक्रिया ६ महिना वा वर्ष दिनसम्म जारी रहन्छ। तर धेरै रोगमा जण्डिस हुन सक्दछ। यो रोग नभएर रोगको लक्षण मात्र हो। जण्डिस भनेको रोग हो भन्ने धेरैको धारणा पाइएकोले र हिजो आज चर्चामा समेत रहेकोले यस सम्बन्धी जानकारी दिने प्रयास गरिएको छ।

**जण्डिस भनेको के हो ?**

रगतमा विलिरुविनको मात्रा बढी भएर आँखा, छाला, र मुखभित्र पहेँलो हुनुलाई जण्डिस भनिन्छ। यो रोग नभएर विभिन्न रोगमा देखिने लक्षण मात्र हो। साधारण अवस्थामा रगतमा विलिरुविनको मात्रा १ मिलिग्राम /१०० एम.एल्भन्दा कम हुन्छ। विलिरुविनको मात्रा अत्याधिक भएमा यो पहेँलोबाट हरियो मिश्रित पहेँलो हुन्छ।

**जण्डिस किन हुन्छ ?**

जण्डिसको कारक तत्व विलिरुविन रगतको रातो कणबाट आउँछ र रातो कणको १२० दिनको उमेर पुगेपछि यो पियोमा गएर नष्ट हुन्छ। विभिन्न प्रक्रिया पुरा भएपछि यसबाट विलिरुविन निस्कन्छ र रगतमा जान्छ। रगतमा भएको विलिरुविनलाई कलेजोको कोषहरुले लिएर पित्तमा मिश्रित फालि-दिन्छ। पित्तको थैलीबाट निस्केको पित्तमा मिश्रित विलिरुविन पित्तको नली हुँदै सानो आन्द्रमा जान्छ। सो आन्द्राबाट फेरी मिसिएर ८० प्रतिशत जति पुनः रगतमा जान्छ। यसरी रगतमा विलिरुविन सधैँ रहिरहन्छ। कलेजोमा जानु अघिको विलिरुविनलाई कन्जुगेटेड विलिरुविन भनिन्छ। सामान्य अवस्थामा यी दुवै विलिरुविन मिलाएर १ मिलिग्राम/१०० एम.एल् भन्दा कम हुन्छ। कुनै कारणले यो मात्रा बढी भएमा यसलाई जण्डिस भनिन्छ। आँखामा देखिनलाई यो मात्रा ३ पुग्नु पर्दछ।

**विलिरुविन विभिन्न अवस्थामा बढ्न सक्छ र जण्डिस देखा पर्ने ३ विशेष अवस्थाहरु छन्।**

१. रगतको रातो कण अत्याधिक नष्ट भएर अत्याधिक नै विलिरुविन निस्केर कलेजोले त्यसलाई लिन नसक्नु।

२.कलेजोको रोग लागेर रगतबाट विलिरुविन लिएर पित्तमा फाँक्न नसक्नु।

३.पित्तको नली कुनै कारणले अवरुद्ध भएर पित्त आन्द्रामा जान नसक्नु।

**जण्डिसले के असर गर्दछ ?**

साधारण जडिण्स आफैले नवजात शिशु बाहेक अरुलाई असर गर्दैन। नवजात शिशुमा १० भन्दा बढी विलिरुविन बढेमा यसले मगजमा पसेर विभिन्न नशा सम्बन्धी समस्या गर्न सक्दछ। वयस्क १ हुनु र १० हुनुमा कुनै फरक पर्दैन। २५ भन्दा माथि पुगेमा मृगौलाको समस्या भएका व्यक्तिहरुको मृगौला खराब हुन सक्दछ। नत्र विलिरुविनले आँखा र छाला पहेँलो हुने, पिसाव गाढा हुने, दिसाको रङ्ग हलुका पहेँलो र कहिलेकाँही माटोजस्तो हुने गर्दछ।

**जण्डिसका कारणलाई ३ भागमा वर्गीकरण गर्न सकिन्छ।**

**१.अत्याधिक विलिरुविन उत्पादन हुनु**

शरीरमा अत्याधिक मात्रामा विलिरुविन उत्पादन भएर त्यसलाई कलेजोले पित्तमा फाल्न नसक्दा जण्डिस हुन सक्दछ। यस किसिमको जण्डिसमा विलिरुविन ५ मी. ग्रा.भन्दा बढी हुँदैन र यसको मात्रा बढ्ने घट्ने भइरहन्छ। निम्न लिखित अवस्थामा यस किसिमको जण्डिस हुन सक्दछ।

(क) रगतको कालो कण अत्याधिक मात्रामा नष्ट हुनु (हेमोलोलाइटिक जण्डिस) यस अवस्थामा रातो कणको बनावटमा फरक पर्नाले फियोमा अत्यधिक मात्रामा नष्ट हुन जान्छ र विलिरुविनको मात्रा बढ्न जान्छ।

(ख) असामान्य अवस्थाको रातो कण बन्नु र (इनइफेक्टिभ इरिथ्रोपोइसिस) विभिन्न कारणले गर्दा रातो कण भन्दा असामान्य अवस्थाको रातो कण बन्दछ, जसको आयु सामान्य रक्तकणको १२० भन्दा कम हुन जान्छ। फियोमा नष्ट हुने क्रम बढ्छ र विलिरुविनको मात्रा बढ्न जान्छ।

(ग) शरीरको कुनै ठाउँमा अत्याधिक रक्तश्राव पछि जमेको रगत विस्तारै सोसिदै जान्छ। यदि त्यसको मात्रा बढी छ र सोसिने क्रम चाँडै हुन जान्छ भने त्यस अवस्थामा पनि जण्डिस हुन सक्छ।

**कलेजोको रोगहरु**

कुनै पनि कलेजोको रोगमा जण्डिस हुन सक्दछ। कलेजोको कारणले हुने जण्डिसलाई ३ भागमा विभाजन गर्न सकिन्छ।

**(क) जन्मजात रोग**

रगतमा भएको विलिरुविनलाई कलेजोमा लिएर पित्तमा फ्याँक्नलाई चाहिने इन्जामको कमीले गर्दा विलिरुविनको मात्रा बढेर जण्डिस हुन सक्दछ। गिलवर्ट सिण्ड्रोम, रोटोर सिण्ड्रोम र डुविन जोनशन सिण्ड्रोममा जण्डिस देखा पर्दछ। साधारणतयाः विलिरुविन ५ मी.ग्रा. र विशेष अवस्थामा १० मी.ग्रा.पुग्न सक्दछ।

**(ख) एक्युट हेपाटायटिस**

कलेजोको अल्पकालीन रोगलाई एक्युट हेपाटायटिस भनिन्छ। यसमा कलेजो सुन्निने र कलेजोले काम गर्न नसक्ने हुनाले जण्डिस देखा पर्दछ। पानीबाट सर्ने हेपाटायटिस इ र ए यसका प्रमुख कारणहरु हुन्। यस बाहेक कम मात्रामा भए पनि रगत र अन्य शारीरिक रसबाट सर्ने हेपाटायटिस बी र सी बाट पनि सर्नसक्दछ। विभिन्न औषधीहरु साईड इफेक्ट नहुने भनिएका केही आयुरवेदिक औषधीले पनि जण्डिस गर्न सक्दछ। अत्याधिक मात्रामा रक्सी र रक्सी जन्य पदार्थ सेवन गर्नाले पनि जण्डिस हुन सक्दछ।

**ग) क्रोनिक हेपाटायटिस**

कलेजोको दीर्घकालीन रोगलाई क्रोनिक रोग हेपाटायटिस भनिन्छ। हेपाटायटिस बी र सीले गरेको एक्युट हेपाटायटिस ६ महिनाभित्र आफै ठीक नभएमा क्रोनिक हेपाटायटिस गर्न सक्दछ र कालन्तरमा जण्डिस हुन्छ। यसबाहेका अन्य रोगहरु जस्तै अटो इम्युन हिपाटायटिस, प्राइमरी विलियरी सिरोसिस, विलसन डिजिज, बड चियारी सिण्ड्रोम आदिहरुमा जण्डिस देखा पर्न सक्दछ। तर हाम्रो देशमा रक्सी र रक्सीजन्य पदार्थ अत्धाधिक र लामो समयसम्म प्रयोग गर्नाले कुनै समयमा जण्डिस देखा पर्दछ। रक्सी धेरै खाने मान्छेमा जण्डिस देखा परेमा अवस्था निकै गम्भीर भएको बुझ्नु पर्दछ।

## सामूहिक तालिमको अन्तिम प्रवचन

गौचरस्थित श्री कालीबक्स गण(ई) मा सञ्चालन भएको दोस्रो सामूहिक तालिमको चैत १७ गते गणपति प्रमुख सेनानी श्री राधाकृष्ण थापाले एक समारोहकाबीच अन्तिम प्रवचन दिनुभइ तालिम समापन गर्नुभयो।

---

सच्याइएको

चैत १६ मा प्रकाशित सिपाही पाक्षिकको पाना ४ को निरीक्षण शीर्षकको समाचारमा नं. १९ वाहिनीका वाहिनीपति हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ। -स.

# सिपाही
पाक्षिक

रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो
जिउँदो रगत सरी यो बल्दो यो शान हाम्रो
हिमाल झैं अटल यो झुकेन यो कहिल्यै
लत्रेन यो कहिल्यै जङ्गी निशान हाम्रो
यो जन्मदै जगतमा कैयौं प्रहार आए
साम्राज्य दुई हारे हारेन शान हाम्रो
जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो
गाइ सरी छन् साधु जो जो यहाँ जगत्मा
सबको शरण बलियो जङ्गी निशान हाम्रो

वर्ष ९ अङ्क १६ पृष्ठ ८ + ४ (श्री राजदल गण अतिरिक्ताङ्कसहित) १ बैशाख २०७१


## अधिकृत क्याडेटहरुलाई आयुक्त पद प्रदान

भक्तपुर जिल्लाको खरिपाटीस्थित नेपाली सैनिक प्रतिष्ठानमा सञ्चालित सि.सं. ५२ अधिकृत क्याडेट आधार तालिम तथा सि.स.४२ पदिक/हुद्दा अधिकृत आधार तालिमको चैत २१ गते आयुक्त पद प्रदान समारोह सम्पन्न भएको छ।





सम्माननीय प्रधानमन्त्री तथा रक्षामन्त्री श्री सुशील कोईरालाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा तालिम सफलतापूर्वक सम्पन्न गरेका २७६ जना अधिकृत क्याडेटहरुलाई सहायक सेनानी दर्जाको दर्ज्यानी चिन्ह प्रदान गरिएको थियो।



अधिकृत क्याडेट तालिममा सर्वप्रथम हुने अधिकृत क्याडेट दिपेन्द्र विक्रम के.सी.लाई स्वर्ड अफ अनर प्रदान गर्नुहुँदै प्रधानमन्त्री

उक्त अवसरमा सम्माननीय प्रधानमन्त्री तथा रक्षामन्त्री श्री सुशील कोईरालाले सि.सं.५२ अधिकृत क्याडेट आधार तालिममा सर्वप्रथम हुने अधिकृत क्याडेट दिपेन्द्र विक्रम के.सी. र सि.सं.४२ पदिक/हुद्दा अधिकृत क्याडेट आधार तालिममा सर्वप्रथम हुने पदिक/हुद्दा अधिकृत क्याडेट गणेश कार्कीलाई स्वर्ड अफ अनर, महिला अधिकृत क्याडेटतर्फ सर्वोत्कृष्ट हुने अधिकृत क्याडेट रश्मीला अर्याललाई ट्रफि, स्नातक तहको शैक्षिक अध्ययनतर्फ प्रथम हुने अधिकृत क्याडेट रविन श्रेष्ठलाई पुरस्कार र विदेशी क्याडेटहरुमध्ये उत्कृष्ट हुन सफल नाइजेरियाका अधिकृत क्याडेट इ.एम. वीनेवाईलाई खुकुरी प्रदान गर्नुभएको थियो। बाँकी पेज ७ मा



नाईजेरीयाका अधिकृत क्याडेट ई.एम. वीनेबाईलाई पुरस्कारस्वरूप खुकुरी प्रदान गर्नुहुँदै

## अन्तर्राष्ट्रिय माईन जोखिम सचेतना कार्यक्रमका दौरान नेपाली सेनालाई सम्मानस्वरूप कदर-पत्र प्रदान



मानतीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री भीम आचार्यले नेपाली सेनालाई सम्मानस्वरुप प्रदान गर्नुभएको कदर-पत्र ग्रहण गर्नुहुँदै इन्जिनियर निर्देशनालयका निर्देशक स.र.श्री विजेन्द्र गौतम

अन्तर्राष्ट्रिय माईन जोखिम सचेतना दिवसका अवसरमा आयोजित कार्यक्रममा नेपाली सेना सम्मानित भएको छ। चैत २१ गते माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री भीम आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न उक्त International Day for Mine Awareness and Assistance in Mine Action कार्यक्रम शान्ति तथा पुनःनिर्माण मन्त्रालय एवं Mine Action Joint Working Groupको आयोजनामा सम्पन्न भएको हो। सो अवसरमा नेपाली सेनालाई प्रदान गरिएको कदरपत्र इन्जिनियर निर्देशनालयका निर्देशक स.र.श्री बिजेन्द्र गौतमले ग्रहण गर्नुभएको थियो। बाँकी पेज ३ मा





विभिन्न तहका प्रशिक्षार्थी अधिकृतहरूलाई लक्षित गरी तयार गरिएको वाहिनीस्तरीय प्रतिरक्षा युद्धकला सम्बन्धी प्रदर्शनीको चैत २८ गते नगरकोटमा अवलोकन गर्नुहुँदै प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा तथा रथीवृन्दहरू

## प्रधानमन्त्रीद्वारा पूर्वी पृतनाको निरीक्षण

सम्माननीय प्रधानमन्त्री तथा रक्षामन्त्री श्री सुशील कोईरालाले चैत १७ गते इटहरीस्थित पूर्वी पृतना हे.क्वा.को निरीक्षण भ्रमण गर्नुभएको छ। उहाँको साथमा माननीय मन्त्रीहरु, प्रधान सेनापति र निमित्त रक्षा सचिवसमेत सम्मिलित हुनुहुन्थ्यो।



प्रधानमन्त्री तथा रक्षामन्त्री श्री सुशील कोईराला इटहरीस्थित पूर्वी पृतनाको निरीक्षणको क्रममा

निरीक्षण भ्रमणको क्रममा सम्माननीय प्रधानमन्त्री तथा रक्षामन्त्री श्री कोईरालालाई पूर्वी पृतनापति उपरथी श्री विनोज बस्न्यातले स्वागत् गर्नुकासाथै अन्तर्गतका वाहिनी तथा युनिटहरुको तैनाथी, तालिम तथा सुरक्षा चुनौतीहरुको बारेमा बिफ्रिङ्ग गर्नुभएको थियो।



श्री नं. १ बन तथा पर्यावरण सुरक्षा गणको निरीक्षण गर्नुहुँदै प्रधान सेनापति

यसैबीच प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.ले चैत २६ गते पूर्वी पृतना तथा अन्तर्गतका युनिटहरुको निरीक्षण गर्नुभएको छ। सो क्रममा उहाँले राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालय अन्तर्गत रानीवास, सिन्धुलीस्थित नं. १ बन तथा पर्यावरण सुरक्षा गण र बेलसोत, उदयपुरस्थित नं. १ राष्ट्र विकास गणको निरीक्षण गर्नुकासाथै पूर्वी पृतना अन्तर्गत भवानी दल गणद्वारा उदयपुरको खैजनपुरमा सञ्चालित सामूहिक तालिमको समेत निरीक्षण गर्नुभएको थियो। बाँकी पेज ७ मा

## प्रधान सेनापति मित्रराष्ट्र मलेशिया प्रस्थान

मित्रराष्ट्र मलेशियाका Chief of Army, General Datuk Raja Mohamed Affandi Bin Raja Mohamed Noor को औपचारिक निमन्त्रणामा प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा. २०७० चैत ३० गते मलेशिया प्रस्थान गर्नुभएको छ। प्रधान सेनापति ज.ब.रा.लाई मलेशिया प्रस्थान गर्नुपूर्व सैनिक सम्मानस्वरुप एक सैनिक टुकडीले सम्मान गारत अर्पण गरेको थियो। उहाँलाई बलाधिकृत रथी श्री पवन बहादुर पाण्डे, मित्रराष्ट्र मलेशियाका कार्यबाहक राजदूत Mr. Fadli Adilah, रथीवृन्द तथा विदेशी नियोगका सैनिक सहचारीहरुले बिदाई गर्नुभएको थियो।



मलेशिया प्रस्थान गर्नुअघि प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.लाई त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा बिदाइ गर्नुहुँदै बलाधिकृत रथी श्री पवन बहादुर पाण्डे

प्रधान सेनापति श्री ज.ब.रा. क्वालालम्पुरमा बैशाख १ गतेदेखि ४ गतेसम्म सञ्चालन हुने 14th Defence Service Asia Exhibition and Conference (DSA 2014) मा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्नुभएको हो। भ्रमणको दौरान प्रधान सेनापतिबाट विभिन्न राष्ट्रका सैन्य प्रमुखहरुसँग समेत द्विपक्षीय हितका विषयमा भेटवार्ता गर्ने योजना रहेको छ। उक्त सम्मेलनमा प्रधानसेनापतिको सहभागिताले एशिया क्षेत्रका अन्य सैनिक संगठनहरुसँगको सम्बन्ध विस्तार तथा द्विपक्षीय हितलाई प्रवर्द्धन गर्न ठोस मद्दत पुग्ने विश्वास नेपाली सेनाले लिएको छ। साथै प्रधान सेनापति श्री ज.ब.रा.को अनुपस्थितिमा प्रधान-सेनापतिको कार्यभार बलाधिकृत रथी श्री पवन बहादुर पाण्डेले सम्हाल्नु भएको छ। प्रधान सेनापति श्री ज.ब.रा. भ्रमण पूरा गरी यही बैशाख ५ गते स्वदेश फिर्ता हुनुहुने कार्यक्रम रहेको छ।